**नेपाल निजामती कर्मचारी संगठन**
**केन्द्रीय परिषद्को १५औं बैठकबाट पारित**

# सांगठनिक प्रतिवेदन

**२९-३० चैत्र २०७१, काठमाडौं**

**आदरणीय अध्यक्षज्यू,**
**केन्द्रीय परिषद् सदस्य एवं पर्यवेक्षकज्यूहरू,**
**हार्दिक अभिवादन ।**

केन्द्रीय परिषद्को १५औं बैठकमा उपस्थित परिषद् सदस्य एवं पर्यवेक्षकज्यूहरू आज हामी **"नयाँ संविधानमा सुशासन, सामाजिक सुरक्षा र श्रमको सम्मान-राजनीतिक अधिकार सहितको ट्रेड युनियन, हाम्रो अभियान"** भन्ने मूल नाराका साथ २०६९ चैत्र २७-२९ काठमाडौँमा सम्पन्न **"नवौं राष्ट्रिय अधिवेशन"** ले अगाडि सारेका कार्यनीति कार्यभार, महत्वपूर्ण कार्यक्रम र गतिविधिहरूको मूल्याङ्कन गर्दै हाम्रा कार्यभार र बाटाहरूको वस्तुगत समीक्षा गर्ने महत्वपूर्ण अभियानमा जुटेका छौं । यस महत्वपूर्ण अभियानमा यहाँहरु सबैमा हार्दिक स्वागत गर्दछु

मानव अधिकार, लोकतन्त्र, शान्ति र सुशासनको पक्षमा लड्दा विभिन्न कालखण्डमा शहादत प्राप्त गर्नु हुने आदरणीय शहिद मनोज जोशी जोशी-झपेन्द्र कार्की, सुरेन्द्र विश्वकर्मा लगायत ज्ञात अज्ञात शहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । यस अवधिमा असामयिक निधन हुनु भएका संगठनका पूर्व अध्यक्ष मुरारी भट्टराई, शहिद झपेन्द कार्कीकी ममतामयी माता गीता कार्की एवं नेपाल कम्युनिष्ट आन्दोलनका अग्रणी नेतृ क. साहना प्रधान, युवा नेता क. रामनाथ ढकालप्रति गहिरो दुःख व्यक्त गर्दै श्रद्धाञ्जली प्रकट गर्दछु । असामयिक निधन हुनु भएको संगठनका पदाधिकारी, पूर्व पदाधिकारी, सदस्य, शुभेच्छुक एवं परिवारजनप्रति गहिरो दुःख एवं श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारका आफन्तजनप्रति समवेदना प्रकट गर्दछु । साथै कार्यक्षेत्रमा हुने दुर्व्यवहार, जवरजस्ती चन्दा असुली र कुटपिट जस्ता अमानवीय कार्यप्रति घोर भर्त्सना र निन्दा गर्दछु ।

**केन्द्रीय परिषद् सदस्य एवं पर्यवेक्षक मित्रहरू,**

अब म, नवौं राष्ट्रिय अधिवेशनले अघि सारेका कार्यनीति र कार्यभारको समीक्षा, केही राष्ट्रिय तथा अन्तर्राष्ट्रिय घटनाक्रम, नेपालको सार्वजनिक प्रशासनको अवस्था, निजामती प्रशासनमा देखिएका समस्या, चुनौती र समाधानका उपाय, संगठनको प्रयत्नबाट प्राप्त भएका उपलब्धी, यस अवधीमा सम्पन्न भएका महत्वपूर्ण सांगठनिक गतिविधि, संगठनको आगामी कार्यभार सहितको सांगठनिक प्रतिवेदन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**मित्रहरू,**

२०६२/०६३ को शान्तिपूर्ण जनक्रान्तिबाट सामन्तवादको पर्याय राजतन्त्रको अवसानभै लोकतान्त्रिक संघीय गणतन्त्रको स्थापनार्थ मुलुक अगाडि बढिरहेको छ । लोकतन्त्रमा जनतामा विभिन्न अपेक्षाहरु आकांक्षित हुनु अवश्य पनि सकारात्मक विषय हो । अहिले जनपक्षीय संविधानको निर्माण, दिगो शान्ति, सुरक्षा र अमनचैन, आर्थिक, सामाजिक साँस्कृतिक विकास, पूर्वाधारको निर्माण, गरिवी न्यूनिकरण, भ्रष्टाचारको नियन्त्रण, सामाजिक सद्भाव, सामाजिक सुरक्षा लगायतका विषयहरु आम सरोकारका विषय भएको देखिन्छ । वर्तमान संक्रमणकालीन राजनैतिक अवस्था शान्ति, संविधान र जनजीविकाका विषयमा भन्दा सत्ता प्राप्तिको लागि मात्र हानाथाप गरिरहेको देखिएकोले आम जनतामा निराशा बढ्दै गएको अवस्था छ ।

***मित्रहरु,ट्रेड युनियन व्यवस्थापन र आधिकारिक ट्रेड युनियनको निर्वाचन तत्काल सम्पन्न गर्नु पर्छ भन्ने संगठनको निष्कर्ष रहदा रहदै सरकारले समयमा व्यवस्थापन गर्न नसक्दा सम्मानीत सर्वोच्च अदालतवाट यस सम्वन्धमा केहि आदेश जारी गरेको छ । ILO अभिसन्धी-८७ ,९८, मानवअधिकार सम्वन्धि विश्वव्यापी घोषणा पत्रको धारा २२ देखी २८, अन्तरिम संविधान २०६३ को धारा ३०, निजामती सेवा ऐन २०४९को दफा ५३,५४,२०६२ चैत्र ३० गते तत्काली आठ राजनैतिक दल र ट्रेड युनियनकर्मीहरु विच होटल र्‍याडिसनमा भएको सहमति र सम्झौता, निजामती कर्मचारीहरुलाई ट्रेड युनियन अधिकार प्रदान गर्ने गरि २०६३ बैशाख २८ गते संसदमा प्रस्तुत भएको संकल्प प्रस्ताव सवसम्मतीले पारित भएको अवस्था समेतको आधारमा निजामती क्षेत्रमा ट्रेड युनियन संचालन र व्यवस्थापन गर्ने, सामुहिक सौदावाजी गर्ने सवै निजामती कर्मचारीहरुको मौलिकहक सग जोडिएको विषय हो । यस विषयमा जिम्मेवार र गम्भिर वन्न हामी सवै राजनैतिक दल र नेतृत्व, प्रशासनिक नेतृत्व, सम्मानीत सर्वोच्च अदालत, विद्वान नागरिक समाज,***

***मानवअधिकारवादि संघ संस्था,अन्य ट्रेड युनियनकर्मी मित्रहरु, पत्रकारमित्रहरु लगायत सबैमा हार्दिक अनुरोध गर्दछौ । १५औं केन्द्रीय परिषद्मा उपस्थित संगठक मित्रहरु अझै सक्रिय, जुझारु र एकतावद्ध भएर आ-आफ्नो कार्यक्षेत्रमा जुट्न हार्दिक अनुरोध गर्दछु ।***

## वर्तमान राष्ट्रिय परिस्थिति :

**राजनैतिक अवस्था :** नेपालमा सम्पन्न दोस्रो संविधानसभा निर्वाचनबाट जनतामा मुलुकले चाँडै नै निकास पाउने आशाको संचार भएको थियो । विगतमा भएको सहमतीलाई कायम राख्दै माघ ८ भित्र नयाँ संविधान जारी गर्ने उद्घोष राजनीतिक दलहरुले गरेका थिए । राजनीतिक दलहरुले गरेको प्रतिबद्धता र जनताको संविधान जारी हुनेछ भन्ने अपेक्षा खासगरी एमाओवादी र मधेशवादी दलहरू सम्बद्ध मोर्चाको गैर जिम्मेवारीपनको कारण सफल हुन सकेन । विपक्षी दलहरूबाट गरिएको तोडफोड र अन्य दलका राजनीतिक शीर्ष नेताहरू माथि संविधानसभामा भएको आक्रमणका कारण एकातर्फ जनतामा निराशा छाएको छ भने अर्कोतर्फ अन्तर्राष्ट्रिय रूपमा नेपालको छविमा दाग लाग्न पुगेको छ । जनताको हातबाट संविधान लेख्ने करिव सात दशक देखिको जनचाहनामा कालो वादल मडारिएको छ । संविधानसभाबाट संविधान बन्न नदिने र आफ्नो निकृष्ट चाहना पूरा गर्ने वहानामा एमाओवादीले आफ्नो असली अनुहार प्रदर्शन गरेको छ । जनताको नाममा फेरि बन्द र हड्ताल गरी गरिव र निमुखा जनतालाई दुःख दिन थालिएको छ । यस्तो अवस्थामा राजनीतिक दल वीच वार्ता, सम्बाद, छलफलका माध्यमबाट समस्याको निकास निकाली छिटो भन्दा छिटो संविधान जारी गर्नका लागि सबै जिम्मेवार राजनीतिक दलहरूलाई खवरदारी र निगरानी गर्नु पर्नेछ ।

राजनीतिक रूपमा देखिएको संक्रमणताको प्रभाव राज्यका अन्य क्षेत्रमा पर्न थालेका छन् । दैनिक जीवन निर्वाहका अत्यावश्यक श्रोत, साधनको बजारमा अभाव हुन थालेको छ । कालो बजारी र ठगी धन्दाको कारण बजारमा ग्यास, इन्धन र खाद्य सामाग्री लगायतका वस्तुहरूको चरम अभाव देखिएको छ । यसबाट आम उपभोक्ता मारमा परेका छन् । वजार अनुगमन र नियन्त्रणको माध्यमबाट दैनिक जीनव यापन सहज बनाउन राज्य चनाखो भएको देखिदैन । राज्य संयन्त्रका विभिन्न निकायबाट जनस्तरमा सम्पादन गरिनु पर्ने कार्यमा चुस्तता हुन सकेको देखिदैन । सरकारको कार्यशैली जनअपेक्षा अनुसार चल्न सकेको छैन । जनसरोकारित विषय स्वास्थ्य, कृषि, शिक्षा जस्ता विषयमा कार्यान्वयन योग्य नीतिको निर्माण हुन नसक्नु र त्यसतर्फ ध्यान नपुर्‍याएको कारणबाट विपन्न जनतामा राहतको अनुभव हुन सकेको छैन । सरकारले जनसरोकारको विषयमा नीति निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्न आवश्यक देखिएको छ । कूल ग्राहस्थ उत्पादनको ८४ प्रतिशत हिस्सा ५ प्रतिशत सम्भ्रान्त वर्गले उपभोग गरिरहेको बाँकी १६ प्रतिशत ९५ प्रतिशत जनताको भागमा छ । अर्थात धनी र गरिव बीचको खाडल फराकिलो हुँदै गएको छ । उद्यमशिलता कुनै पनि क्षेत्रमा देखिएको छैन् । जिविकोपार्जनयोग्य तलव भत्ता र मूल्यवृद्धि (विशेषगरी खाद्यान्न सामाग्रीको) का कारणले पेशाकर्मीहरुको जिविकोपार्जन कष्टकर वनेको छ । सामाजिक सुरक्षाका अवसरहरु न्यून रहेका छन् ।

**सामाजिक र साँस्कृतिक अवस्था** :-

राज्य यतिखेर सामन्ती राजतन्त्रको समुल अन्त्य गरी सघीय लोकतान्त्रिक गणतन्त्रको स्थापनार्थ अगाडि वढीरहेको छ । यस्तो अवस्थामा देशमा रहेका सबै जातजाति, धर्म, संस्कृति र वर्ग वीच भातृत्व एवं आत्मीय सम्बन्धको विकास हुने वातावरण बन्नु पर्नेमा धनी र गरिव वीचको खाडल बढ्दै गएको छ । भ्रष्टाचार, कालाबजारी र कमिशनतन्त्रले स्थान पाईरहेको छ । आर्थिक अवस्थालाई समावेशीकरणको आधार बनाउनु पर्नेमा जातको आधारमा समावेशीकरणलाई अगाडि बढाउँदा ठालु हस्तक्षेप (Elite Capturing) लाई बढावा दिएको देखिन्छ । वैदेशिक रोजगार मार्फत आर्थिक अवस्था त केहि परिवर्तन आएको छ तर युवा पलायनको कारणवाट सामाजिक सम्वन्धहरु विकृत र कमजोर भएका छन् ।

**आर्थिक अवस्था :-**

देशको शोधानान्तर स्थिति घाटाको अवस्था रहेको एवं देश विप्रेषणको भरमा चलिरहेको अवस्था विद्यमान छ । देश भित्रबाट बौद्धिक र युवा जमात पलायनको भयावह अवस्था रहेको छ । कृषिक्षेत्र अर्थतन्त्रको मेरुदण्ड वन्न सकेन् । खाई खेति प्रणालीवाट वैज्ञानिक कृषि प्रणालीमा रुपान्तरण गर्न आवश्यक छ । शान्ति, सुरक्षा, उर्जा लगायतका समस्या एवं लगानीकर्ताको चाँडो कमाउने लालसा साथै श्रमप्रति गरिने अवहेलनाका कारण श्रममैत्री वातावरण वन्न सकेको छैन । त्यसैगरी कतिपय ट्रेड यूनियनमा रहेको अराजकतावादी मानसिकताले

असल औद्योगिक वातावरण बन्न सकेको छैन । राजस्व छलि, भ्रष्टाचार, कालावजारी र कमिशनतन्त्रलाई रोक्न नसक्ने हो भने देशको अवस्था झन्झन् बिग्रनेमा दुईमत हुन सक्दैन । साधारण खर्च क्रमशः बढ्दो एवं पूँजीगत खर्चको घट्दो अवस्थाले सामाजिक तथा आर्थिक पूर्वाधार तयार गर्न नसकी देशको आर्थिक अवस्था झन्झन् दयनीय हुँदैछ । अर्न्तराष्ट्रिय विमानस्थलको विकल्प नखोजिदा एउटा जहाज विग्रदा मुलुकको पुरै अर्थतन्त्र र जनजिवन प्रभावीत गर्ने दुखद रह्यो । राजस्व चुहावट रोकी स्वच्छ व्यावसायिक क्रियाकलापतर्फ देशलाई लैजानु पर्नेमा राजस्व असूलीमा समेत गिरावट आईरहेको छ । व्यापक छलफल र सहमति विना गरिएका लगानी प्रवर्द्धन तथा संरक्षण सम्झौताहरूले समग्र राष्ट्रहित हुने अवस्था देखिँदैन । विद्युत क्षमतामा कमी भएको कारण लोडसेडिङले राज्य आक्रान्त भैरहेको अवस्थामा माथिल्लो तामाकोशी, पश्चिम सेती, अरुण तेस्रो लगायतका जल विद्युत आयोजनाको, निर्माणका कार्यहरू अगाडि बढी रहेकोले केही आशा गर्ने ठाउँ पलाएको छ । तर उच्च आयोजनहरुको निर्माण तथा व्यवस्थापकीय क्षमता हामीसंग छ वा छैन ? गम्भिर वहसको विषय वनेको छ ।

**शिक्षा तथा स्वास्थ्य :-**

नेपालमा साक्षरता दर क्रमशः बढेको छ तर पनि शिक्षा रोजगारोन्मुख बन्न सकेको छैन । सिकाईलाई व्यवसायमूलक बनाउन सहितको छैन्, जसले गर्दा बेरोजगार जनशक्तिको संख्या बढेको छ । समाजमा हुँदा खाने र हुने खाने बीचको दुई वर्ग जन्माउने असमान प्रकारको शिक्षण पद्धति हाल विद्यमान छ । श्रम वजारको माग र शिक्षण प्रणाली बीच तालमेल मिलेको देखिदैन । **विहान उठेर वावु कामदार खोज्न हिड्छ, छोराछोरी कामको खोजिमा भौतारिरहेका छन्** । नेपाल सरकारले स्वास्थ्य क्षेत्रमा पर्याप्त लगानी गरेको छ । तर पनि जनताको स्वास्थ्यको अवस्था सन्तोषजनक छैन । सरकारको स्वामित्वमा रहेका स्वास्थ्य संस्थाको अवस्था प्रविधि, जनशक्ति एवं पूर्वाधारका हिसावले नाजुक हुँदा गरिव जनताहरु महंगा निजी स्वास्थ्य संस्थामा उपचार गर्न वाध्य छन् । शिक्षा र स्वास्थ्यको निजीकरणले गरिव र धनीका वीचमा खाडल अझ बढाएको छ ।

**प्राकृतिक एवं पर्यावरणीय अवस्था :-** अव्यवस्थित शहरीकरणका कारण फोहरमैलाको व्यवस्थापनमा समस्या देखिएको छ । शिक्षा, स्वास्थ्य, रोजगारी र पूर्वाधार विकास जस्ता अपरिहार्य न्यूनतम आवश्यकताको विषयमा पहुँच वृद्धिका कार्यक्रममा ग्रामिण तहका सामान्य जनताको सहभागितामा जोड दिन नसक्दा काठमाण्डौ उपत्यका लगायतका प्रमुख शहरहरूमा जनसंख्याको ठूलो चाप देखिएको छ । यसको प्रभावले गाउँहरू रित्ता हुने खतरा देखिएको छ । शहरमा वातावरण असन्तुलनका कारण वायु, ध्वनी, नदी एवं पानी स्रोत प्रदुषण लगायत फोहरमा अत्याधिक बृद्धि भएका छन् । ठूला आवासीय योजनाहरूको सञ्चालनले खेतियोग्य जमिन एवं हरियाली क्षेत्रमा कमि हुनुका साथै भूमिगत पानीको अत्यधिक दोहनका कारण ऐतिहासिक पानीका स्रोतहरू बन्द भएका छन् भने भविष्यमा भू-सतहमा असन्तुलन पैदा हुन सक्ने खतरा देखिएको छ । चुरे लगायत नेपालका तराई क्षेत्रका साथै सामुदायिक क्षेत्रका बन जंगलहरू वन माफियाहरूको कारण दिनपर दिन विभिन्न कारणले मासिँदै गइरहेको अवस्था रहेको छ । बहुमूल्य जडिवुटी लगायत रक्तचन्दन लगायत काठको तस्करीलाई रोक्ने सवालमा खास प्रयास गरिएको देखिँदैन ।

**अन्तर्राष्ट्रिय परिस्थिति :-** भारतको विधानसभाको निर्वाचनमा सत्तारुढ काँग्रेस(आई)को पराजय, चिलीको राष्ट्रपति निर्वाचनमा समाजवादी खेमाका उम्मेदवारको विजय, श्रीलंकामा राजपाक्षेको पराजय, चिनिया नेता वोसिलाईको जन्मकैदको फैसला, पाकिस्तानमा गएको विनासकारी भुकम्प, विश्व लोकतान्त्रिक आन्दोलनका विश्व विख्यात अफ्रिकी नेता नेल्सन मण्डेलाको निधन, जनप्रदर्शनको बलमा थाइल्याण्डको संसद विघटन, विश्वमा घटेको महत्वपूर्ण घटनाका उदाहरण हुन् । अरवियन देशमा भएका द्वन्दका कारण दिनहुँ सयौ व्यक्तिको हत्या हुनु सबैभन्दा चिन्ताको विषय रहेको अवस्था छ । यसका अलावा विश्व यतिखेर विभिन्न खाले अन्तरविरोधबाट गुज्रिरहेको छ । चेचन्याको विषयलाई लिएर अमेरिका र रुसको सम्वन्ध चिसिएको छ । पूँजीवादले निर्माण गरेको पश्चिमा बजार अर्थतन्त्रले विपन्न राष्ट्रहरूमा जरा गाड्ने प्रयास गरिरहेको अवस्थामा चीन विश्वको एक नम्बर अर्थतन्त्र भएको राष्ट्र घोषणाबाट एकातर्फ विश्वमा चीनको दरिलो उपस्थिति देखिएको छ भने अर्कोतर्फ पश्चिमाहरूलाई टाउको दुखाईको विषय वन्न थालेको छ । हालको अवस्थामा विकासोन्मुख राष्ट्रहरूमा कुनै न कुनै रूपमा विकसित राष्ट्रहरूले साम्राज्य फैल्याउने प्रयास भैरहेको देखिन्छ । शिक्षा, स्वास्थ्य, गरिवी निवारण, शान्ति स्थापना, सुशासनका नाममा हात फैलाएर गरिव देशमा आफ्नो प्रभाव

दिनानुदिन बढाउदै लगेको अवस्था छ । सूचना प्रविधिको क्षेत्र दिन प्रतिदिन विकसित हुँदै गइरहेको अवस्था छ । विश्वका तानाशाहको पतनको क्रम अगाडि बढेको छ । विश्व राजनीतिमा अमेरिकाको दवदवा यद्यपि कायम रहेको छ । यूरोपियन देशहरूमा बामपन्थीहरूप्रतिको जनसमर्थन बढ्दो क्रममा रहेको छ । ब्राजिल र भारत विश्व अर्थतन्त्रको शक्तिशाली अभियन्ताको रूपमा अघि बढिरहेका छन् ।

विश्व बैंक, आई.एम.एफ. लगायतका निकाय मार्फत आर्थिक उदारीकरण, भूमण्डलीकरण र निजीकरणको माध्यमबाट विश्व अर्थतन्त्रमा पूँजीवादको हस्तक्षेप वृद्धि भइरहेको छ, जसको नेतृत्व अमेरिकाले गरेको छ । पूँजीवादका गलत दृष्टिकोण र सिद्धान्तका कारण विश्व अर्थतन्त्रले आर्थिक मन्दी, वेराजगारी, धनी गरिव बीचको बढ्दो खाडल, आतंकवाद जस्ता विकृति भोग्नु परिरहेको अवस्था छ । अर्थशास्त्रीहरूले पूँजीवादको विकल्प खोज्ने प्रयास सशक्त र परिणाममुखी हुन नसकिरहेको अवस्था छ । विश्वमै पूँजीवाद असफलतातिर उन्मुख भएको र समाजवादी अर्थतन्त्र नै मुख्य विकल्प बन्न सक्ने मान्यता स्थापित हुँदै गइरहेको छ ।

**नेपालको सार्वजनिक प्रशासनको वर्तमान अवस्थाको समीक्षा :**

राजनीतिक संक्रमणकालीन अवस्थाको वहानामा राजनैतिकवृतवाट प्रशासनिक क्षेत्रमा ठाडो हस्तक्षेप र प्रभाव पार्ने कार्य निरन्तर छ । प्रशासकहरुको निरिहपना तथा निर्णय क्षमताको अभावले प्रशासन आफै राजनैतिक हस्तक्षेप चाहान्छ भने राजनैतिक वृतवाट पनि कुष्ठा सहित प्रशासनमा हस्तक्षेप चाहिरहेको छ । यस विषम परिस्थितिमा सार्वजनिक प्रशासनको गरिमा जोगाउन र यसको साख उच्च राख्न संगठनले हस्तक्षेपकारी भूमिका निर्वाह गर्नुपर्ने आवश्यकता छ । विद्यमान एकात्मक र केन्द्रिकृत प्रशासनिक प्रणालीको अभ्यासका कारण जनताले राजनीतिक परिवर्तन पछि आएको गणतन्त्रमा समेत परिवर्तनको अनुभूति गर्न सकिरहेका छैनन् । सार्वजनिक प्रशासनमा अझै पनि स्पष्ट साँगठानिक संरचना, चुस्त, स्फूर्त, छिटो छरितो सेवा प्रवाहको जनमुखी प्रशासनको अभ्यास, नागरिक सेवा प्रवाहको गुणस्तरियता, सेवा प्रदायकहरूको आचारण, कार्य संस्कृति, कार्यशैली र व्यवहार परिवर्तन, भ्रष्टाचार न्यूनिकरण र सदाचार सरलीकरण, राजनीति र प्रशासन बीचका अन्तरसम्वन्ध र सीमा लगायतका विषयमा उल्लेख्य, मननीय र अनुभूतिजन्य परिवर्तन हुन सकेका छैनन् । महिला सहभागिता विभिन्न जाति जनजातिहरू, अपांग, मधेशी, दलित, पिछडिएको क्षेत्र लगायतको प्रतिनिधित्व हुनु उत्साहजनक छ । सार्वजनिक प्रशासनका विविध क्षेत्रहरूमा समावेशीकरणको सिद्धान्तलाई आत्मसात भएको छ । राज्यको स्थायी संयन्त्र मानिने सार्वजनिक प्रशासन आशातित रूपमा अगाडि बढ्न सकेको छैन । जनताको सेवक मानिएको निजामती सेवा आफू शासकको घोडामा सवार भएर जनतालाई शासन गर्न उद्धत छ भन्ने आरोप वीचमा चलिरहेको छ । सार्वजनिक प्रशासनलाई चुस्त, दुरुस्त र प्रभावकारी बनाउन विभिन्न प्रयास नभएका पनि होइन, तथापि ती प्रयासले सार्थकता पाउन सकेको छैन् । भएका प्रयासहरूको उचित मूल्यांकन गरी आगामी दिनमा सर्वाजनिक प्रशासनलाई जनताको नजिकको साथी बनाउने तर्फ प्रयास हुन जरुरी छ ।

अव म, संक्षेपमा सार्वजनिक प्रशासनको वर्तमान अवस्थाको बारेमा तथा संगठनले प्रशासनिक क्षेत्रमा उठान गर्नुपर्ने विषयमा उल्लेख गर्न चाहन्छु ।

**वर्तमान अवस्था** :

सरकारको तर्फबाट नागरिकहरू समक्ष सार्वजनिक सेवा प्रवाह गर्ने वैधानिक संयन्त्र नै सार्वजनिक प्रशासन हो । यो सरकारको कार्यकारी संयन्त्र (Executive Mechanism) हो । सार्वजनिक प्रशासनको कार्यसम्पादन शैली र संस्कार दुवैले नागरिक सामु सरकारको प्रतिविम्व झल्काउँदछ । वर्तमान अवस्थामा नेपालको सार्वजनिक प्रशासन निष्पक्ष, तटस्थ, जनमुखी, ईमान्दार र जवाफदेहि हुन नसक्दा नागरिकहरुको प्रशासन र सरकारलाई हेर्ने दृष्टिकोण नकारात्मक देखिन्छ । एकातर्फ प्रशासन जनईच्छा वमोजिम चल्न सकेको छैन भने अर्को तर्फ सार्वजनिक प्रशासन, विशेष गरी निजामती प्रशासनभित्र कार्यरत कर्मचारीहरु पनि विभिन्न कारणले उत्पेरित भई काम गर्ने अवस्था देखिंदैन् । २०७१ चैत्र १२ गतेको तथ्याङ्क अनुसार ८१,८०३ को संख्यामा रहेका निजामती कर्मचारीहरूको मनोवल कमजोर छ, कार्यशैली सुस्त रहेको, परिणाम प्रतिको तटस्थता र नविनतम प्रविधिको न्यून अनुशरण भएको अवस्था छ । यद्यपि निजामती सेवा सहित समग्र सार्वजनिक प्रशासनको लोकतान्त्रिकरणका लागि भने मनग्य काम भएका छन् । ट्रेड युनियन अधिकारको सुनिश्चितता र व्यवस्थापक

र कर्मचारी सहकार्य यसका उदाहरण हुन् ।

निजामती सेवा समावेशी बन्दै गएको छ । समावेशीकरणका प्रक्रियाहरूलाई सबै पक्षमा अनुशरण गर्न थालिएको छ । निजामती सेवाको संगठनात्मक ढाँचामा परिवर्तन आएको छ भने व्यवस्थापकीय सहभागिता केही हदसम्म वढेको देखिन्छ । महिला कर्मचारीहरूको संख्या ७ वर्ष अघिको १,५५० बाट वढेर १४,१६८ पुगेको छ । निजामती सेवामा महिलाहरूको संख्या ८.५५५ प्रतिशतबाट वढेर विगत ७ वर्षको अवधिमा १७.३२ प्रतिशत पुगेको देखिन्छ । दलित, जनजाति, मधेशी, पिछडिएको क्षेत्र समेतमा वृद्धि भएको छ ।

**१. सार्वजनिक प्रशासनका विद्यमान चुनौतिहरू** :

- राज्य पुर्नसंरचनाको सन्दर्भमा सार्वजनिक प्रशासनलाई कसरी रूपान्तरण गर्ने भन्ने विषय चुनौतिको रूपमा रहेको छ । भावी संघीय संरचना अनुसार प्रशासनको ढाँचामा रूपान्तरण आवश्यक छ र यसको तयारी पनि आवश्यक छ ।
- वर्तमान निजामती सेवालाई सक्षम र उत्तरदायी वनाउदै जनताको सेवामा समर्पित वनाउनु पर्ने चुनौति छ ।
- निजामती सेवामा मानव संशाधन योजनाको अभाव छ । मानव विकास योजनाको साथै विकासलाई समेत ध्यान दिनुपर्ने चुनौति छ ।
- प्रतिस्पर्धात्मक क्षमताको अभिवृद्धिका लागि सूचना प्रविधिमा आधारित विद्युतीय शासनको अवलम्वन गर्नुपर्ने भएको छ ।
- सार्वजनिक सेवालाई व्यवस्थित वनाउदै जनविश्वास हासिल गर्नुपर्ने चुनौति यतिखेर छ ।
- अनुमानयोग्य वढुवा र सरुवा प्रणाली अवलम्वन गरी स्वःचालित र निष्पक्ष सरुवा पद्धतिको विकास चुनौतिको रूपमा रहेको छ ।
- निजामती सेवामा वृत्ति विकास प्रणाली अत्यन्त सांघुरो रहेको कारण तहगत पद्धति अनुशरण गर्नुपर्ने चुनौति छ ।
- निजामती कर्मचारी ट्रेड युनियनको व्यवस्थापन र प्रभावकारी प्रशासनमा यसको भूमिका अभिवृद्धि गर्नु पनि चुनौतिको रूपमा रहेको छ ।
- सरकारले लागू गरेको १२ घण्टे सेवा प्रभावकारी वनाउन थप जनशक्ति एवं उपयुक्त पारितोसिकको व्यवस्था गर्दै एकिकृत सेवा लागु गर्नुपर्ने छ ।

**२. प्रशासनिक रूपान्तरणका लागि अव केन्द्रित गर्नुपर्ने प्रयास** :

- सार्वजनिक प्रशासनको दूरदृष्टि र भावी प्रशासनको रूपरेखा तयार गर्ने ।
- प्रतिस्पर्धात्मक क्षमता र मनोवलयुक्त कर्मचारी प्रशासनको स्थापनाका लागि कार्य सम्पादनमा आधारित वृत्ति विकास र तलव प्रणाली अवलम्वन गर्ने ।
- सार्वजनिक प्रशासनमा मानव संशाधन विकासका लागि अध्ययन, तालीम र सीप विकासका कार्यक्रमलाई सघन रूपमा संचालन गर्ने ।
- कर्मचारीहरूको स्वास्थ्य, सुरक्षा वीमा, योगदानमा आधारित निवृत्तीभरण कार्यक्रम संचालनमा ल्याउने ।
- सवै निकायहरुमा वस्तुगत ढंगले क्षतिपूर्ति सहितको नागरिक सेवा प्रवाहको ग्यारेण्टी गर्ने ।
- तलव संरचनामा सुधार गरी न्यूनतम् जीविका निर्वाहमा आधारित Basic Pay र कार्य सम्पादनमा आधारित Incentive को व्यवस्था गर्ने ।
- विद्यमान प्रशासनिक संरचनामा सुधार गरी नागरिकहरूको नजिकबाट एकिकृत सेवा प्रदान गर्ने गरी सेवा केन्द्रहरूको स्थापना गर्ने ।
- व्यवस्थापकीय एवं संरचनागत सुधारका क्षेत्रमा ट्रेड युनियनको भूमिकालाई अभिवृद्धि गर्ने ।

**निजामती सेवाको संरचनागत स्वरूप :**

निजामती सेवा ऐन, २०१३ को आधारमा संस्थागत रूपमा विकास भएको नेपालको निजामती सेवा हाल निजामती सेवा ऐन, २०४९ को कानुनी आधारमा खडा भएको छ । राज्यका तीन वटै अंग (कार्यपालिका,

व्यवस्थापिका, न्यायपालिका), संवैधानिक निकाय, आयोग र समितिहरूमा कार्यरत सबै सेवा समूहको संरचना नै निजामती सेवा हो । राजपत्रांकित विशिष्ट श्रेणीको मुख्य सचिव देखि कार्यालय सहयोगीसम्मका सबै पदहरू समावेश छन् । ७५ बटै जिल्लामा फैलिएको निजामती संरचनामा हाल ८१,८०३ कर्मचारी कार्यरत छन् । निजामती किताबखानाबाट २०७१ चैत्र १२ गते प्राप्त कर्मचारीको विवरण यस प्रकार छ :-

| सि. न. | श्रेणी/तह | पुरुष | महिला | जम्मा | पुरुष% | महिला% | जम्मा% |
|---|---|---|---|---|---|---|---|
| १ | श्रेणीयुक्त कर्मचारी | ५६३८४ | ६६६५ | ६३०४९ | ८९.४३ | १०.५७ | ७७.०७ |
| | राजपत्रांकित | १३२९४ | ११८८ | १४४८२ | ९१.८ | ८.२ | १७.७ |
| | विशिष्ट श्रेणी | ६३ | ० | ६३ | १०० | ० | ०.०८ |
| | रा.प. प्रथम श्रेणी | ५२२ | २७ | ५४९ | ९५.०८ | ४.९२ | ०.६७ |
| | रा.प. द्धितीय श्रेणी | ३०८९ | १५२ | ३२४१ | ९५.३१ | ४.६९ | ३.९६ |
| | रा.प. तृतीय श्रेणी | ९६१९ | १००९ | १०६२८ | ९०.५१ | ९.४९ | १२.९९ |
| | विशिष्ट श्रेणी(मुख्य सचिव ) | १ | ० | १ | १०० | ० | ० |
| | विशिष्ट श्रेणी (राजदूत ) | | | | | | ० |
| | रा.प. प्रथम श्रेणी (अतिरिक्त सचिव ) | | | | | | ० |
| | राजपत्र अनंकित | २४६७८ | ३९४२ | २८६२० | ८६.२३ | १३.७७ | ३४.९९ |
| | रा.प.अनं. प्रथम श्रेणी | १३५२५ | १८९१ | १५४१६ | ८७.७३ | १२.२७ | १८.८५ |
| | रा.प. अनं.द्धितीय श्रेणी | ९६८९ | १९२४ | ११६१३ | ८३.४३ | १६.५७ | १४.२ |
| | रा.प.अनं. तृतीय श्रेणी | १२११ | १२० | १३३१ | ९०.९८ | ९.०२ | १.६३ |
| | रा.प.अनं.चर्तुर्थ श्रेणी | २३९ | ७ | २४६ | ९७.१५ | २.८५ | ०.३ |
| | रा.प.अनं.पाँचौ श्रेणी | १४ | ० | १४ | १०० | ० | ०.०२ |
| | रा.प.अनं.द्धितिय श्रेणी (अतिरिक्तमान) | | | | | | ० |
| | रा.प.अनं.प्रथम श्रेणी (अतिरिक्तमान) | | | | | | ० |
| | श्रेणी बिहिन | १८४१२ | १५३५ | १९९४७ | ९२.३ | ७.७ | २४.३८ |
| | श्रेणी नखुलेको | | | | | | ० |
| २ | तह | ११२५१ | ७५०३ | १८७५४ | ५९.९९ | ४०.०१ | २२.९३ |
| | स्वास्थ्य | १०९९८ | ७४९४ | १८४९२ | ५९.४७ | ४०.५३ | २२.६१ |
| | अधिकृत बाह्रौं | १ | ० | १ | १०० | ० | ० |
| | अधिकृत एघारौं | ६१ | १३ | ७४ | ८२.४३ | १७.५७ | ०.०९ |
| | अधिकृत दशौं | ८६ | १२ | ९८९८ | ८७.७६ | १२.२४ | ०.१२ |
| | अधिकृत नवौं | १५० | ३७ | १८७ | ८०.२१ | १९.७९ | ०.२३ |
| | अधिकृत आठौं | २५१ | ८२ | ३३३ | ७५.३८ | २४.६२ | ०.४१ |
| | अधिकृत सातौं | ७३८ | १३१ | ८६९ | ८४.९३ | १५.०७ | १.०६ |
| | अधिकृत छैटौं | ३००३ | ९५८ | ३९६१ | ७५.८१ | २४.१९ | ४.८४ |
| | बरिस्ठ पाँचौं | ३०७ | ३२१ | ६२८ | ४८.८९ | ५१.११ | ०.७७ |
| | सहायक पाँचौं | ३३३७ | २२४० | ५५७७ | ५९.८४ | ४०.१६ | ६.८२ |
| | सहायक पहिलो | | | | | | ० |
| | सहायक दोस्रो | ७ | ४९ | ५६ | १२.५ | ८७.५ | ०.०७ |
| | सहायक तेस्रो | ६४६ | १२६५ | १९११ | ३३.८ | ६६.२ | २.३४ |
| | सहायक चौथो | २४११ | २३८६ | ४७९७ | ५०.२६ | ४९.७४ | ५.८६ |
| | न्याय | २५३ | ९ | २६२ | ९६.५६ | ३.४४ | ०.३२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | प्रधान न्यायाधिश | १ | | | | | ० |
| | न्यायाधीश, सर्वोच्च अदालत | ५ | ० | ५ | १०० | ० | ०.०१ |
| | अस्थायी न्यायाधीश, सर्वोच्च अदालत | १ | ० | १ | १०० | ० | ० |
| | मुख्य न्यायाधीश, पुनरावेदन अदालत | ३ | ० | ३ | १०० | ० | ० |
| | न्यायाधीश, पुनरावेदन अदालत | ६८ | ६ | ७४ | ९१.८९ | ८.११ | ०.०९ |
| | अतिरिक्त न्यायाधीश, पुनरावेदन अदालत | २ | १ | ३ | ६६.६७ | ३३.३३ | ० |
| | जिल्ला न्यायाधीश | १६६ | २ | १६८ | ९८.८१ | १.१९ | ०.२१ |
| | अतिरिक्त जिल्ला न्यायाधीश | ८ | ० | ८ | १०० | ० | ०.०१ |
| ३ | सम्वैधानिक श्रेणी | | | | | | ० |
| | प्रमुख पदाधिकारी | | | | | | ० |
| | पदाधिकारी | | | | | | ० |
| ४ | महान्यायाधिवक्ता | | | | | | ० |
| | कुल संख्या | ६७६३६ | १४१६८ | ८१८०३ | ८२.६८ | १७.३२ | १०० |

यस विवरणबाट राज्यले अपनाएको समावेशी सिद्धान्त वमोजिम महिलाहरुको निजामती सेवामा उपस्थिति केही मात्रामा वढेको देखिन्छ । कुल ८१,८०३ कर्मचारी संख्या मध्ये महिलाको संख्या १४,१६८ रहेको छ । यो संख्या कुल प्रतिशतको १७.३२ हुन आउँछ । उल्लेखित विवरण अनुसार ट्रेड युनियनको सदस्यता प्राप्त गर्ने अधिकार कर्मचारीहरुमा जम्मा ७६,१२५ रहेको छ । हाम्रो सदस्य संख्या ३१,७३० रहेको छ । यस आधारमा हामी सबैभन्दा सुदृढ र शक्तिशाली संगठनको रूपमा रहेका छौं । तर वर्तमान अवस्थामा हाम्रो संगठनको प्रभाव ३० वर्ष मुनिका नवप्रवेशी कर्मचारीहरु लगायत प्राविधिक क्षेत्र र अधिकृत क्षेत्रमा अपेक्षाकृत बढ्न सकेका छैनन् । जुन जुन क्षेत्रमा जिम्मेवारी र संगठनको उपस्थिति कम भएको छ, त्यतातिर तत्काल गतिशील बन्न यस परिषद्ले मार्गनिर्देश गर्नेछ भन्ने अपेक्षा राखेको छु । कामको मूल्याङ्कन र समीक्षा गर्दा बस्तुवादी भएर तथ्याङ्कको आधारमा विश्लेषण गर्न सकिएको खण्डमा हामी अवश्य पनि सफलताको बाटोमा अगाडि वढ्न सक्नेछौ ।

**नेपालको निजामती सेवाका चुनौती र अपेक्षा :-**

१. जनताका अपेक्षा र उपलब्ध साधन स्रोत बीच समन्वय गरी गराई जनताका आशा र अपेक्षा पूरा गर्ने ।
२. परिवर्तित विश्व परिस्थिति र पेशाकर्मीका दक्षता बीच समन्वय गराई विश्व समकक्षी सेवा प्रदान गर्ने ।
३. निजामती सेवामा रहेको अराजकता, अनुशासनहीनता, भ्रष्टाचार, कामचोर प्रवृति रोकी जनमुखी निजामती सेवा बनाउनु पर्ने ।
४. आचरण, व्यवहार, कार्यशैली र कार्यसंस्कृति परिवर्तन गरी परिवर्तनको बाहक बन्ने ।
५. परम्परागत, पुरातनवादी कार्यप्रणाली र पुरानो प्रविधिको विस्थापन गर्ने ।
६. निजामती क्षेत्रलाई जनताले लगाउने गरेका आरोपहरू व्यवहारत खण्डन गर्नुपर्ने ।
७. आन्तरिक र वाह्य रूपमा प्रतिस्पर्धी निजामती सेवाको विकास गर्नुपर्ने ।

**निजामती सेवालाई सुदृढ गर्ने उपायहरू :-**

निजामती सेवामा रहेका विकृतिहरू नातावाद, भ्रष्टाचार, अराजकता, अनुशासनहीनता, कामचोर प्रवृति लगायतलाई नियन्त्रण नगरी निजामती सेवालाई जनमैत्री बनाउन सकिंदैन् । यस प्रकारका विकृति नियन्त्रणमा नेपाल निजामती कर्मचारी संगठनको अगुवाई अनिवार्य छ । उपरोक्त विकृति हटाउनका लागि निम्न कदम संचालन गर्नु उपयुक्त हुने देखिन्छ :

१. सरुवा, बढुवा, पदस्थापन लगायतमा पारदर्शी मापदण्ड बनाई कडाईकासाथ लागू गर्ने ।
२. प्रत्येक संगठक (संगठनको सदस्य) ले भ्रष्टाचार गर्दिन् भन्ने प्रतिवद्धता गर्ने एवं भ्रष्टाचार भएको पर्दाफास

गर्ने र Whistle Blower रूपमा काम गर्ने ।

३. नीतिगत तहमा हुने भ्रष्टाचारलाई रोक्न र गलत काम गराउन दवाव दिने राजनैतिक नेतृत्व विरुद्ध भद्र अवज्ञा (Right to Disobey) लाई प्रोत्साहन गर्ने ।
४. कर्मचारी राष्ट्र, संविधान र कानुनप्रति प्रतिवद्ध हुन्छन् । सत्तासिन दलप्रति हैन् भन्ने नारालाई घनिभूत बनाउने ।
५. छिटो छरितो र प्रतिष्पर्धी सेवा मार्फत संगठनलाई जनस्तरमा स्थापित गर्ने ।
६. आधुनिक सूचना प्रविधिको साधन प्रयोग गरी प्रतिस्पर्धी सेवा दिन सरकारलाई दवाव दिने ।
७. संगठनको नेता र सदस्यले Service First भन्ने नारालाई व्यवहारमा ल्याउने ।
८. संगठनले सेवाग्राही सर्भेक्षण गरी सेवाग्राहीका वास्तविक समस्या र समाधानका उपाय पत्ता लगाई सुधार गर्न सरकारलाई सुझाव दिने ।
९. सरकारबाट प्रदान गरिने सेवाहरू जनताको घर दैलोबाटै प्रदान गर्न सरकारलाई दवाव दिने ।
१०. कानुनले प्रदान गरेको अधिकार प्रयोग नगर्ने अधिकारीको पर्दाफास गर्ने ।
११. कानुनद्वारा प्रदान गरिएको ट्रेड युनियन काज र परिभाषित पदाधिकारी वीचको उल्टो सम्वन्धलाई व्यवस्थापन गर्ने ।
१२. निजामती सेवा पुरस्कारलाई पारदर्शी एवं निष्पक्ष वनाउनु पर्ने ।

**निजामती सेवाको अपेक्षित भावी स्वरूप :-**

वर्तमान अवस्थामा निजामती सेवालाई पुर्नसंरचना गरी नयाँ रूप दिनु अपरिहार्य हुन्छ । सवल, सक्षम एवं प्रतिस्पर्धी निजामती सेवाले मात्र राज्य पुनर्संरचना पछि जनताका ईच्छा एवं अपेक्षा पूरा गर्न सकिने सन्दर्भमा निजामती सेवाको भावि स्वरूपका विषय प्रभावकारी बनाउन निम्न बुँदाहरूमा छलफल र बहस गर्न आवश्यक छ :

**पेशागत दक्षताको सन्दर्भमा :**

- कामकाजी निजामती सेवा (Performing Civil Service) .
- शान्ति निर्माण तथा द्वन्द्व व्यवस्थापनका लागि नयाँ सीपहरू भएको निजामती सेवा ।
- परिवर्तन मैत्री निजामती सेवा ।
- नतिजामुखी निजामती सेवा ।
- सक्षम र सिर्जनशील निजामती सेवा (Constructive and Capable Civil Service)

**सेवा प्रवाहको सन्दर्भमा :**

- क्षतिपूर्ति सहितको नागरिक सेवा प्रवाह ।
- सामाजिक परिक्षण (Social Audit) सहितको निजामती सेवा ।
- Civil Service with Zero Tolerance to Corruption and Unethical Behaviour
- सूचना प्रविधि मैत्री निजामती सेवा ।
- नागरिकको सार्वजनिक सेवामा पहुँच ।
- निजामती सेवाको गरिमा, प्रतिष्ठा तथा मर्यादा बढाउन यस माथि लागेका भ्रम र आरोप हटाउने खालका चेतनामूलक ठोस कार्यक्रमहरू संचालन गर्ने ।
- One spot service, E-service etc.

**पेशागत हक सम्बन्धमा :**

- राजनैतिक अधिकार सहितको ट्रेड युनियन अधिकार ।
- सामाजिक सुरक्षाको प्रत्याभूति ।
- आधारभूत तहको जीविकोपार्जनयोग्य तलब,भत्ता र सेवा सुविधा ।
- कार्यस्थलको सुरक्षा ।
- दण्डहीनताको अन्त्य ।

**संघीयताको सार्वजनिक प्रशासन :**

- मुलुकको शासकीय ढाँचा ।
- संघीय इकाईहरूको क्षेत्राधिकार ।
- हाल कार्यरत कर्मचारीको व्यवस्थापन बाँडफाँड र सेवाको सुरक्षा ।

**परिषद्का सदस्य एवं पर्यवेक्षक मित्रहरू,**

अब म, नेपालको पेशागत आन्दोलन र नेपाल निजामती कर्मचारी संगठनका ऐतिहासिक घटनाक्रमका बारे संक्षिप्त रूपमा प्रस्तुत गर्ने अनुमती चाहान्छु ।

**नेपालको पेशागत आन्दोलन र नेपाल निजामती कर्मचारी संगठन**

- वि.सं. १९८३ मा ना.सु. कृष्णलाल अधिकारीबाट **"मकैको खेती"** नामक पुस्तक मार्फत नेपालको निरंकुश शासनको विरोध र एकादशी सभा मार्फत संगठित हुने अभ्यासको शुरुवात भयो ।
- वि.सं. २००७ को माघमा महेश्वरमान छोचुँको नेतृत्वमा अखिल नेपाल न्यून बैतनिक कर्मचारी संघको गठन गरी निजामती कर्मचारीहरूका मानव अधिकार, प्रजातन्त्रको पक्षमा आएको जनलहरले उत्पन्न गरेको चेतनाको उपयोग गरी खुल्ला रूपमा संगठित हुने अभ्यास र माग सहित आन्दोलनमा उत्रिएको र आर्थिक मागको रूपमा रहेको तलव बृद्धिको मागलाई ३०० प्रतिशत बृद्धि गर्न सफल भएपनि संघमाथि प्रतिबन्ध लगाई संघको नेतृत्वलाई बर्खास्त गर्ने कार्य भयो ।
- निजामती प्रशासनलाई स्थायी सरकारको रूपमा निश्चित ऐन, कानुन अनुसार संचालन गर्न निजामती सेवा ऐन, २०१३ लागू गर्ने कार्य भयो । विभिन्न समयमा उच्चस्तरीय प्रशासन सुधार आयोग, समिति, तलव आयोग, अध्ययन समूहआदि गठन गरी निजामती सेवालाई व्यवस्थित, सक्षम गतिशील र जनमुखी बनाउने प्रयत्न भयो, तर त्यसबाट आएका सुझावहरूलाई इमान्दारीपूर्वक कार्यान्वयन गर्ने कार्य भने भएन । २०४६ साल पूर्व गठित यस्ता आयोगहरू मूलतः सरकारको ईच्छा अनुकुल हुने र सिफारिस समेत सोही बमोजिम हुने गर्दथे । कानुन भन्दा ठूलाबडाहरू माथि हुने हुँदा र यस अवधिमा व्यापक अनियमितता र भ्रष्टाचार हुने गऱ्यो । कानुन जे भएपनि आदेशमा नै प्रशासन चल्यो जुन सानालाई ऐन भयो भने ठूलालाई चैनको रूपमा देखा पऱ्यो । जुन अवस्थामा कर्मचारीहरू औपचारिक रूपमा संगठित हुन सकेनन् भने अनौपचारिक र गोप्य ढंगले आफ्ना कामलाई अगाडि बढाउने कार्यलाई २०३६ सालको राजनैतिक आन्दोलनमा स्वाभिमानी कर्मचारीको नामबाट पर्चा वितरण र २०४६ को आन्दोलनमा जुलुश प्रदर्शनको कार्यले प्रष्ट हुन्छ । यस कार्यबाट नेपालको प्रजातान्त्रिक आन्दोलनमा निजामती कर्मचारीहरूको महत्वपूर्ण भूमिका देखिन्छ । २०४६ को जनआन्दोलनमा जागिरको पर्वाह नगरी आन्दोलनमा सहभागी भएका निजामती कर्मचारीहरूले प्रजातन्त्र पछि सबै पेशा, व्यवसाय र वर्गका समुदायबाट संगठित हुने कार्य भए झैं २०४६ चैत्र २६ गते ५ सदस्यीय भेला आयोजक समिति, २०४६ चैत्र ३१ मा हजारौको भेला र २०४७ बैशाख ७ गते कर्मचारीको बृहत भेलाबाट **"नेपाल निजामती कर्मचारी संगठन"**को तदर्थ समिति गठन भयो । उक्त समयमा संगठन स्थापनाका लागि अहोरात्र खट्नु हुने सम्पूर्ण अग्रज संगठकप्रति सम्मान व्यक्त गर्दछु । देशका विभिन्न भागमा संगठित हुन नदिन भएको सरकारी प्रयासलाई कर्मचारीहरूको संगठित गर्जनले सरकारलाई झुक्न वाध्य बनायो । तत्कालिन सामान्य प्रशासन सचिव बिमलराज बस्नेतको अध्यक्षतामा संगठनको समेत प्रतिनिधित्वमा अध्ययन कार्यदल बनाउने कार्य भयो । सोही कार्यदलको प्रतिवेदनको आधारमा २०४७ कार्तिक १९ गते संगठन विधिवत दर्ता भयो । प्रजातन्त्रको मिरर्मिरेमा जन्मिएको यस संगठनको नेतृत्वमा नयाँ संविधानको घोषणा गर्न दवाव दिने प्रयोजनका लागि २०४७।७।२० मा भएको बृहत् जनदवाव तथा जनताको समेत प्रयत्नबाट २०४७ कार्तिक २३ मा संविधान जारी गर्न सरकार बाध्य भयो ।
- संगठनले १०४ वर्षे पारिवारिक निरंकुश राणा शासन र ३० बर्षे निरंकुश एवं निर्दलीप पञ्चायती व्यवस्थाको अवशेषमा रहेको भ्रष्टाचार तथा ढिलासुस्तीको विरुद्धमा र निरंकुश, अप्रजातान्त्रिक र भ्रष्ट तत्वहरू माथि कडा भन्दा कडा कारवाही गर्न, परिवर्तित व्यवस्था अनुसार प्रजातान्त्रिक मूल्य मान्यतामा आधारित जनमुखी प्रशासनको निर्माण गर्न, जिविकोपार्जन गर्न पुग्ने तलव र जनसेवाको नीतिलाई अगाडि सार्दै जायज माग सहित २०४७ मंसिर २६ पुष ५ गतेसम्म देशको ७५ जिल्लामा सम्भवत पहिलो पटक आन्दोलन भयो उक्त आन्दोलनले उचाई लिएपछि सरकार संगठनसँग सम्झौता गर्न बाध्य भयो । सम्झौता पछि पनि सरकारले २०४७ फागुन ४ गतेबाट अधिकृतलाई सदस्यताबाट वञ्चित गर्ने कार्य मात्र भएन

२०४७ फागुन १२ गते **"नेपाल निजामती कर्मचारी संघ"** को नाममा प्रचलित कानुन विपरित ठाडो आदेश र इशारामा सरकारबाट एकिकृत संगठनलाई विखण्डित गरी **"फुटाऊ र शासन गर"** को नीतिलाई अबलम्वन गर्दै विभाजन गरियो ।

- यसैगरी २०४७ पौष ५ गते भएको सम्झौता अनुसार तलब सुझाव कार्यदलले २०४८ बैशाखबाट लागु हुने गरी बुझाएको प्रतिवेदनलाई कार्यान्वयन गरेन । सरकार र कर्मचारीबीच झन् द्वन्द चर्कदै गयो । आफू लडेर ल्याएको प्रत्रातन्त्रको संस्थागत संगठन विकास गर्ने विश्वास गर्दै २०४८ सालको आम निर्वाचनलाई सफल बनाउन सक्रिय रह्यो । नयाँ सरकार बन्यो तर १ महिनासम्म पनि सरकारले द्वन्दको उचित व्यवस्थापन गर्ने र भेटसम्म गरेन । फलस्वरूप बाध्य भई २०४८ साल आषाढ १६ देखि भाद्र ८ सम्म संगठनले देशव्यापी आन्दोलन गर्न विवश भयो । संगठनलाई दरिलो शक्तिको रूपमा विकास नगरी आन्दोलन संचालन गर्नु, आन्दोलनलाई सशक्त ढंगले अन्तर्राष्ट्रियकरण गर्न नसक्नु, आन्दोलन लम्बिन्दै जानु, सरकारी हठबादिता आदि आन्दोलन सफल नहुने आधार तथा कारण वन्न पुग्यो । जसका कारण आन्दोलित कर्मचारीहरूलाई कारवाही नगर्ने शर्तमा माग पुरा नहुँदै आन्दोलन स्थगित गरियो, तर सरकार ईमान्दार भएन । आन्दोलन स्थगित हुना साथ कर्मचारीलाई बर्खास्त गर्ने, अस्थायी कर्मचारीहरूको म्याद नथप्ने, अपायक सरुवा गर्ने, निलम्बन गर्ने लगायतका कारवाहीहरू श्रृखलाबद्ध रूपमा गर्न थाल्यो । संगठनलाई छिन्न भिन्न पार्ने काम भयो । आवश्यकता र औचित्यताले सावित गरेको कर्मचारीहरूको प्रिय संगठन माथि जस्तोसुकै दमन भएपनि त्यसै बिलाएर गएन । आत्म समीक्षा गर्दै दु:खित पिडीतहरूलाई एकत्रित गर्दै पुन: संगठित हुन थालियो । कर्मचारी आन्दोलनको क्रममा संलग्न सम्पूर्ण अगुवा संगठकप्रति हार्दिक सम्मान व्यक्त गर्दछु । राज्यको पूरा संयन्त्र लागेर ध्वस्त बनाएको संगठनले नवौं राष्ट्रिय अधिवेशन सम्पन्न गरी सकेको छ भने मिनि अधिवेशनको रूपमा रहेको १५औं केन्द्रीय परिषद् सम्पन्न गर्न गई रहेका छौं । यस अवधिमा संगठनले अत्यन्तै प्रतिकूल अवस्थाको सामाना गर्नु परेको छ भने थोरै अनूकुलता समेत भोगेको छ । २९१ जना कर्मचारीहरूको पुनर्वहाली गर्ने, २०५१, २०५२ र २०५४ सालमा गरी २,४०६ जनाको कारवाही फुकुवा भएको छ । समाजको आर्थिक सामाजिक क्षेत्रमा अगुवा संगठकहरुको सम्मानजनक व्यवस्थापन गरिएको छ ।
- २०५८/४/३२ को सर्वोच्च अदालतको फैसलाबाट एक मात्र बैधानिक र क्रियाशील रहेको संगठनले निजामती कर्मचारीहरूको आन्दोलनको अभिभावकत्व गर्दै मानव अधिकार, लोकतन्त्र र शान्तिको पक्षमा २०६२/६३ को जनक्रान्तिमा राजनीतिक दलहरूसँगै सहभागिता जनाउने ऐतिहासिक कदम उठायो ।
- २०६२ असार ३० कालो दिन घोषणा :- निरंकुश शाही शासनकालमा निजामती सेवा ऐन, अध्यादेश जारी गरी निजामती क्षेत्रको एक मात्र पेशागत संगठन नेपाल निजामती कर्मचारी संगठनमाथि प्रतिवन्ध लागेको अवस्थामा ILO लगायत अन्तर्राष्ट्रिय संघ संस्थाहरूको दवावका साथै सर्वोच्च अदालतबाट संगठनको पक्षमा अन्तरिम आदेश समेत जारी भएको थियो । संगठनलाई अध्यादेश मार्फत प्रतिवन्ध लगाएको उक्त दिनलाई कालो दिनको रूपमा लिईन्छ ।
- राजनीतिक दलहरू निरंकुशता विरोधी आन्दोलनमा उत्साहजनक ढंगले आन्दोलित नभई रहेको अवस्थामा समेत संगठनले २०६२ श्रावण ७ गते निरंकुशतन्त्र विरुद्ध विरोध प्रदर्शन गरेको थियो । उपत्यकाको सुन्धारामा भेला भई गरिएको यस प्रदर्शनले निरंकुशता विरोधी आन्दोलनलाई उर्जा प्रदान गरेको थियो ।
- २०६२/६३ को शान्तिपूर्ण जनक्रान्तिको सहयात्री भई प्रजातन्त्र, मानव अधिकार र शान्तिको पक्षमा पेशाकर्मीहरूको तर्फबाट नेतृत्वदायी भूमिका निभाएको (तत्कालिन सात राजनैतिक पार्टी र तत्कालीन नेकपा माओवादी पार्टीका शीर्षस्थ नेताहरू र पेशाकर्मीहरू वीच २०६२ चैत्र १८ गते काठमाडौं स्थित होटल र्‍याडिशनमा जनक्रान्तिलाई सघाउने विषयमा सम्झौंता भएको थियो । उक्त सम्झौतामा ट्रेड यूनियन अधिकार दिने र कर्मचारीले आन्दोलनलाई हरतरहले सघाउने सम्झौता भएको थियो ।
- नेपाल निजामती कर्मचारी संगठन स्थापना भएको २५ वर्ष प्रवेश गरेको अवसरमा संगठन रजत महोत्सव कार्यक्रम, २०७१ सम्पन्न गर्ने अभियानमा जुटिरहेका छौं । हाम्रो आस्थाको धरोहर यस संगठनले आफ्नो २५ वर्ष प्रवेशको अवसरमा २०७१ सालभरि विभिन्न रचनात्मक कार्यक्रमहरु सञ्चालन गरी संगठन रजत महोत्सव मनाई रहेको छ । ट्रेड युनियनहरूमा भई रहने टुटफुट र अवरसवादको जालोबाट टाढा रहेर आफ्नो २५ वर्षे कार्यक्रम मनाउन पाउनु आफैंमा गर्वको विषय हो । केन्द्रीय कार्य समितिले २०७० वैशाख ७ गते काठमाडौंमा बृहत र्‍याली सहित भव्य कार्यक्रमको आयोजना गर्‍यो । भवन निर्माण थालनीको शिलान्यास, संगठन स्थापना र विकास गर्नमा योगदान पुर्‍याउने व्यक्तित्वहरूलाई सम्मान गर्ने, धोविखोला

सफाई थालनी, आँखादान लगायतका विभिन्न कार्यक्रम सम्पन्न भएका छन् ।

- शहिद स्मृति केन्द्रीय भवन निर्माणको क्रम हाल तदारुकतका साथ अघि बढिरहेको छ । उक्त भवन पहिलो र दोश्रो तल्लाको ढलान कार्य सम्पन्न भई तेश्रो तल्ला ढलान कार्य अगाडि बढिरहेको छ । निर्माण कार्यलाई तोकिएको समयमा सम्पन्न गर्नुपर्ने कार्य हाम्रो चुनौतीको रूपमा देखिएको छ । संगठनको भवन निर्माण कार्यलाई समयमै मूर्तरूप दिनको लागि आर्थिक पाटो धेरै महत्वपूर्ण रहेको छ । त्यसका लागि सबै संगठक मित्रहरूले समयमै आर्थिक दायित्व बहन गर्नुपर्ने छ । संगठनको यो भवन निर्माण कार्यले सबै संगठकहरूको शीर उँचो बनाउन मद्दत पुऱ्याउने छ ।

**मित्रहरू,**

पेशागत संगठन, पेशागत कानून, पेशागत हितका लागि एउटै संगठन, आधिकारिक युनियन स्थिर प्रशासन, ट्रेड युनियन अधिकार प्राप्तिका लागि सुदृढ संगठन, सामूहिक हितका लागि ट्रेड युनियन अधिकारको माग जस्ता चरणबाट गुज्रिएर ट्रेड युनियन अधिकारको प्राप्ति अनि ट्रेड युनियन अधिकार प्राप्त गरिसकेपछि राजनीतिक अधिकार सहितको ट्रेड युनियन अधिकारसम्मका विकासक्रमहरूबाट हाम्रो संगठनको विकासक्रम रहेको छ । "**नयाँ संविधानमा सुशासन, सामाजिक सुरक्षा र श्रमको सम्मान, राजनीतिक अधिकार सहितको ट्रेड युनियन, हाम्रो अभियान"** मूल नारा रहेको यस संगठनमा प्रतिस्पर्धालाई सबैतिर खुला छाडिएको छ । आधिकारिक ट्रेड युनियनको निर्वाचनमा उत्कृष्टता हासिल गर्नका लागि समेत आन्तरिक र वाह्य दुवैखाले प्रतिस्पर्धामा संगठन खरो उत्रन आवश्यक छ । गुनासाहरूलाई व्यवस्थित र मर्यादित बनाउँदै सामूहिकतामा प्राप्त गरेका उपलब्धीहरूको संरक्षण, प्रचार प्रसार अनि व्यवस्थापन वर्तमानको आवश्यकता हो । हाम्रो आन्दोलनले सामूहिकतामा प्राप्त गरेको उपलब्धीहरू हामी सबैले स्मरण गर्न आवश्यक छ ।

**संगठनले उठान गरेका विषय र प्राप्त उपलव्धीहरू :**

- पेशागत हकहितका लागि आफ्नै बलमा २०४७ सालमा संगठनको स्थापना भयो ।
- पेशागत हकहित एवं अधिकार का लागि २०४८ सालमा नेपालको पेशागत आन्दोलनमा ५६ दिन लामो कर्मचारी आन्दोलन सम्पन्न भएको छ ।
- आन्दोलनको सिलसिलामा भएका कारवाही फुकुवा र पुनर्वहाली गराउन सफल भएको छ ।
- टुटफुट र विभाजन विरुद्ध एकिकृत आन्दोलनमा जोड, पेशाकर्मीलाई परेका पीरमार्का, गुनासो सुनुवाई गरिरहेको छ ।
- उच्चस्तरीय तलब सुधार आयोग, २०६१ मा प्रतिनिधित्व, जुन अध्ययन प्रतिवेदन हालसम्मको सबैभन्दा वैज्ञानिक अध्ययन भनिन्छ ।
- २०५४ सालमा कार्यालय सहयोगीको स्तरबृद्धि गर्न सफलता प्राप्त भयो ।
- हत्या, अपहरण, जबरजस्ती चन्दा असुली, धम्की तथा कर्मचारी असुरक्षाको विषयमा निरन्तर खवरदारी र विरोध गरिएको छ ।
- निजामती सेवा ऐन, नियमावली संशोधन तथा निजामती क्षेत्रलाई प्रभाव पार्ने ऐन नियम संशोधन, परिमार्जनमा हस्तक्षेपकारी भूमिका निर्वाह गरिएको छ ।
- लामो लडाईं पछि ट्रेड युनियन अधिकारको प्राप्त गर्ने सफलता मिलेको छ ।
- बढुवा प्रक्रियामा महत्वपूर्ण उपलब्धी प्राप्त भएको छ ।
- देशव्यापी सञ्जाल निर्माण भई क्रियाशील रहेको छ ।
- सरकारसँग संवाद, सहकार्य निरन्तर ढंगले भईरहेको छ ।
- अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार र सुदृढ बनाइएको छ ।
- सहकारी आन्दोलनमा महत्वपूर्ण उपलब्धी हासिल गर्दै ६७ जिल्लामा राष्ट्रसेवक सहकारी संस्था क्रियाशील रहेको छ ।
- हुलाक समुह खारेजी गर्न संगठन सफल भएको छ ।
- लोकतन्त्र, मानव अधिकार र शान्तिको पक्षमा निरन्तर क्रियाशील रहेको छ ।
- जनक्रान्ति २०६२/०६३ को सहयात्री हुनु गर्वको विषय बनेको छ ।
- निजामती अस्पताल निर्माण र संचालनमा महत्वपूर्ण भूमिका निर्वाह गरिएको छ ।
- जिविकोपार्जनयोग्य तलव, भत्ताका लागि निरन्तर दवाव श्रृजना गरिएको छ र आंशिक सुधार भएका छन् ।

- असाध्ये रोग लागेको अवस्थामा कर्मचारी र कर्मचारी परिवारलाई औषधी उपचार सुविधा प्राप्त गर्न सफलता मिलेको छ ।
- पोशाक भत्ताको व्यवस्था भएको छ ।
- स्वास्थ्य तथा औषधी उपचार वीमा सम्बन्धी व्यवस्था अगाडि बढाइएको छ ।
- वीमा कोषको व्यवस्था गर्ने सफलता प्राप्त भएको छ । बैज्ञानिक र व्यवस्थित गर्न जरुरी छ ।
- निजामती सन्तती छात्रवृत्ति योजना शुरुवात भएको छ ।
- निजामती विद्यालय र कर्मचारी आवास योजनाको शुरुवात भएको छ ।
- निजामती सेवामा समावेशीताको थालनी भएको छ ।
- महिला विकासमा कार्यरत महिला कर्मचारी स्थायी गर्न सफलता मिलेको छ ।
- रचनात्मक एवं अतिरिक्त क्रियाकलाप मार्फत समाजमा योगदान पु¥याएको छ ।
- केन्द्रीय भवन निर्माणका लागि सरकारी जग्गाको भोगाधिकार प्राप्त जग्गामा भवन निर्माण कार्य सम्पन्न हुने क्रममा रहेको छ । धेरै जिल्लामा आफ्नो भवन तथा जग्गा रहेको अवस्था छ ।
- बैज्ञानिक सरुवा नीति छलफलको क्रममा छ ।
- देशभर सबै जिल्ला तथा विभागीय स्तरमा सांगठनिक सञ्जालको निर्माण हुनु ।
- क्षतिपूर्ति सहितको नागरिक सेवा प्रवाहको थालनी भएको ।

**विश्व ट्रेड युनियन आन्दोलन**

- प्रथम र दोश्रो विश्वयुद्धबाट स्वतन्त्र भएका राष्ट्रहरूमा श्रमिक वर्गहरू आफ्नो हकहितका लागि संगठित हुन थाले यसरी राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा संगठित हुने क्रममा अक्टोवर ३-८, १९४५ मा पेरिसमा सम्पन्न ५५ देशका राष्ट्रियस्तरका ट्रेड युनियनहरूको प्रथम सम्मेलनबाट विश्व श्रमिकहरूको पहिलो विश्व ट्रेड युनियन महासंघको WCC स्थापना भएको हो तर यो महासंघ क्रिष्टियनिटीमा आधारित भएकाले विश्वव्यापी आधार थिएन ।
- WFTU को स्थापना कालमा जारी भएको आफ्नो घोषणा पत्रमा संसारबाट फाँसीवादको अन्त्य गर्नु रहेको उल्लेख गर्दै भनिएका छ । "One of the Primary Tasks of the WFTU and the Trade Union Movements of all Countries is to fight for the speedy complete eradication of fascism" यस्तै घोषणा पत्रमा श्रमिकहरूको संगठित हुने पाउने अधिकार र प्रत्येक श्रमिकलाई जाति, लिंग र संगको आधारमा भेदभाव नगर्ने अधिकारको ग्यारेण्टी, काम र न्यूनतम पारिश्रमिकको अधिकार, बेरोजगारबाट मुक्त हुने अधिकारको ग्यारेण्टीलाई आधारभूत अधिकारको रूपमा प्रत्याभूति गर्न संघर्षरत रहेने उल्लेख गरिएको छ ।
- **WFTU :** WFTU ले UNO को Consultive Agency को सदस्यता पाउनुको साथै UNIDO, UNESCO र ILO जस्ता संस्थामा प्रतिनिधित्व गर्दै आएको छ । WFTU ले ILO बाट पारित अभिसन्धी नं.८७ (Freedom of Association and Protection of Right to Organize) र अभिसन्धी नं.९८ (Right to Organize and Collective Bargaining) पारित गराउन महत्वपूर्ण भूमिका निर्वाह गरेको थियो । सन् १९९० को दशकपछि आर्थिक उदारिकरण र निजीकरणको नीति अगाडी सारी तेश्रो विश्वका मुलुकहरुमा विश्व बैंक लगायत अन्तर्राष्ट्रिय निगमहरूबाट भइरहेको आर्थिक हस्तक्षेपको WFTU ले विरोध गर्दै आएको छ । हाल यस महासंघमा महासचिव ग्रिसका जर्ज मार्भिकोस रहनु भएको छ ।
- **ITUC** विश्वका श्रमिकहरूको अन्तर्राष्ट्रिय केन्द्रको रूपमा रहेको WFTU ले लोकप्रियता हासिल गर्दै गएपनि यसमा सोभियत संघको वर्चस्व भएपछि सन् १९४९ मा बेलायत, नेदरल्याण्ड र अमेरिकाको मजदूर युनियनहरू मिली WFTU फुटेर International Confederation of Free Trade Union-ICFTU को गठन गरे । विश्व मजदूर महासंघ (WCL) / ICFTU Plss/0f eÓ ICFTU International Trade Union Center-ITUC नामको नयाँ महासंघको गठन भएको छ । शितयुद्ध कालभरी WFTU / ICFTU को द्वन्द चलेपनि शितयुद्ध सामाप्त भएपछि नयाँ मूल्य र मान्यताका साथ अगाडी वढेको छ । सन २००६मा स्थापित ITUC सवभन्दा ठूलो र प्रभावशाली अन्तर्राष्ट्रिय केन्द्र वनेको छ । यस महासंघका महासचिव अष्टेलियाकी शिक्षक स्यारन वर्रो हुनुहुन्छ ।

**राष्ट्रिय ट्रेड युनियन केन्द्रहरू :**

- **पेशागत महासंघ नेपाल** (CONEP) **:** पेशागत महासंघ, नेपाल सार्वजनिक एवं निजी क्षेत्रमा कार्यरत चारलाख भन्दा बढी कलमजीवी पेशाकर्मीहरूको छाता संगठन हो । महासंघमा राष्ट्रियस्तरका २४ वटा संगठन आवद्ध रहेको छन् । सार्वजनिक पेशागत क्षेत्रमा निजामती एवं पेशाकर्मीहरूको ट्रेड युनियन अधिकारलाई स्थापित गर्न महासंघले अग्रणी भूमिका निर्वाह गरेको छ भने अव बन्ने नयाँ संविधानमा श्रमिक एवं पेशाकर्मीको सरोकारसँग सम्बन्धित राजनीतक, आर्थिक, सामाजिक एवं साँस्कृतिक अधिकारलाई सुनिश्चित गर्ने मागलाई महासंघले संशक्त ढंगले अगाडी बढाएको छ । पेशाकर्मीहरूवीच ट्रेड युनियनको सैद्धान्तिक एवं बैचारिक स्तर अभिवृद्धि गर्न महासंघले ट्रेड युनियन शिक्षा अभियमानलाई संचालन गर्दै आएको छ । अन्तर्राष्ट्रिय सम्बन्धमा कायम गर्ने क्रममा श्रमिकहरूको अन्तर्राष्ट्रिय केन्द्रको रूपमा रहेको प्रगतिशील विचार एवं समाजवादको लक्ष्य बोकेको विश्व ट्रेड युनियन महासंघ (World Federation of Trade Unions-WFTU) सँग भातृत्वपूर्ण सम्वन्ध कायम गरेको छ । यसले बैशाख १९-२०, २०६९ (मे १-२, २०१२) मा पाँचौ राष्ट्रिय महाधिवेशन सम्पन्न गरी विश्वनाथ व्याकुरेलको नेतृत्वमा कृयाशील रहेको छ । नेपाल कम्यूनिष्ट पार्टी (एकिकृत मार्क्सवादी लेनिनवादी) को बुटवलमा सम्पन्न ऐतिहासिक आठौं राष्ट्रिय महाधिवेशनबाट पेशागत महासंघ नेपाल पार्टीको जनर्गीय संगठनको स्थापित गरेको छ ।
- **नेपाल ट्रेड युनियन महासंघ (GEFONT) :** राजनैतिक बैचारिक आधारमा नेकपा (एमाले)को सहयात्री रहेको नेपाल ट्रेड युनियन महासंघ कृषि, उद्योग, कलकारखाना, होटल यातायात, निर्माण लगायतका क्षेत्रमा कार्यरत श्रमिकहरूको महासंघ हो । यो महासंघ क्त्क्ष् को सस्थापक सदस्य हो । सम्मानित श्रमजीवीवर्ग र समृद्ध जीवनका लागि समाजवाद दीर्घकालीन लक्ष्य हो । सार्वजनिक र निजीक्षेत्रका प्रतिष्ठानहरू र अनौपचारिक क्षेत्रलाइ समेट्ने २५० वटा राष्ट्रिय संघहरू घठकका रूपमा रहेको यो महासंघ नेपालको पुरानो, सशक्त र प्रभावशाली एवं नेतृत्वदायी पहिलो महासंघको रूपमा आफूलाई स्थापित गर्न सफल देखिन्छ । क. विष्णु रिमालले अध्यक्षता गरीरहनु भएको छ ।
- **नेपाल ट्रेड युनियन कांग्रेस स्वतन्त्र** (NTUC-1) नेपाली कांग्रेसको भातृ संगठनको रूपमा रहेको नेपाल ट्रेड युनियन कांग्रेसमा उद्योग कलकारखानाका साथै सेवा क्षेत्रमा क्रियाशील ट्रेड युनियन संघहरू आवद्ध रहेका छन् ।
- **अखिल नेपाल ट्रेड युनियन महासंघ** (ANTUC) यो महासंघ एकिकृत नेकपा माओवादी पार्टीको जनसंगठनको रूपमा उद्योग, कलकारखाना क्षेत्रमा क्रियाशील महासंघ हो । २०६२/२०६३ जनआन्दोलनको सफलतासँगै खुल्ला रूपमा यसका गतिविधि संचालन भएका छन् । यस महासंघले विश्व ट्रेड युनियन महासंघ ध्ँत्म सँग भातृत्वपूर्ण सम्बन्ध कायम गरेको छ । ऐन कानून भन्दा मसल प्रदर्शनलाई ट्रेड युनियन शक्ति ठान्ने यो महासंघ औद्योगिक शान्ति र मजदुरको हक, हितभन्दा अराजकता र अशान्ति सिर्जना गर्नमा उद्यत रहेको देखिन्छ ।
- **नेपाल ट्रेड युनियन फेडेरेशन** (NTUF) : यो फेडेरेशन नेपाल कम्युनिष्ट पार्टी (संयुक्त) को जनसंगठनको रहेको छ । यो फेडेरेशन पनि उद्योग, कारखाना, होटल र शिक्षण क्षेत्रमा क्रियाशील छ । यसका गतिविधि सिमित नै भएपनि विश्व ट्रेड युनियन महासंघसँग यस फेडेरेशनले भातृत्वपूर्ण सम्बन्ध कायम राखेको देखिन्छ । ट्रेड युनियन आन्दोलनमा यस महासंघको खासै उल्लेख्य भूमिका रहेको पाईदैन ।
- **संयुक्त ट्रेड युनियन समन्वय केन्द्र (Joint Trade Union Co-ordination Centre-JTUCC)** ट्रेड युनियनका साझा एवं सरोकारका विषयहरूमा सहकार्य गर्ने उद्देश्यका साथ गठित संयुक्त ट्रेड युनियन समन्वय केन्द्र (Joint Trade Union Co-ordination Centre-JTUCC) मा पेशागत महासंघ, नेपाल (CONEP), नेपाल ट्रेड युनियन फेडेरेशन (NTUF), नेपाल ट्रेड युनियन महासंघ (GEFONT), अखिल नेपाल ट्रेड युनियन महासंघ (ANFTU), राष्ट्रिय प्रजातान्त्रिक ट्रेड युनियन महासंघ (N-DECONT), र नेपाल प्रगतिशील ट्रेड युनियन महासंघ (FENEPT), गरी ९ वटा ट्रेड युनियनहरू आवद्ध रहेको छन् । साझा राजनैतिक विषय र श्रम वजार सुधारका विषयमा एकतावद्ध आवाज र संयुक्त गतिविधि वढाउन समन्वय केन्द्र कृयाशील छ ।

**नेपालको निजामती क्षेत्रमा क्रियाशील राष्ट्रियस्तरका ट्रेडयुनियनहरूको तुलनात्मक विवेचना :**

१. **नेपाल निजामती कर्मचारी संगठन** : नेपाल निजामती कर्मचारी संगठन निजामती कर्मचारीहरूको पेशागत हकहितको संरक्षण र सम्वर्द्धन गरी निजामती सेवाको गरिमा बढाउँदै निजामती प्रशासनलाई सुदृढ, सक्षम, प्रभावकारी, गतिशिल, जनमुखी एवं लोकतान्त्रिक बनाई राष्ट्रिय हित सुदृढ गर्ने उद्देश्यका साथ २०४७ बैशाख ७ गते स्थापना भएको निजामती क्षेत्रको पहिलो राष्ट्रिय स्तरको ट्रेड यूनियन हो । यो देशभर सांगठानिक सञ्जाल तथा ३१,७३० सदस्य आवद्ध भएको राष्ट्रियस्तरको पहिलो ट्रेड युनियनले स्थापनाको रजत महोत्सव समेत मनाई सकेको छ । संगठनले निजामती प्रशासनको नीति निर्माणमा हस्तक्षेपकारी र समन्वयकारी भूमिका निर्वाह गर्दै जनतामा पुऱ्याउनु पर्ने सेवा प्रवाहको सन्दर्भमा सहजीकरणको भूमिका, भ्रष्टाचार नियन्त्रण र सदाचार सवलीकरणमा खबरदारी, पेशागत हकहित र सेवाको सुरक्षाको सन्दर्भमा अग्रणी भूमिका निर्वाह गर्दै आएको छ । मानव अधिकार लोकतन्त्र र शान्तिको पक्षमा निरन्तर क्रियाशील यस संगठनको देशभर ११६ वटा जिल्ला/विभागीय कार्य समिति, २४ वटा अञ्चल समन्वय समिति, ६ वटा क्षेत्रीय समन्वय समिति, १०४ सदस्यीय केन्द्रीय कार्य समितिको साथै इलाका र प्रा.क.स्तर सम्म आफ्नो सांगठानिक सञ्जाल विस्तार गर्न सफल भएको छ । संगठनले पेशागत हकहित एवं प्रशासन सुधारका सन्दर्भमा नेपालको निजामती क्षेत्रमा क्रियाशील राष्ट्रिय स्तरका ट्रेड युनियनहरूको बीचमा नेतृत्वदायी भूमिका खेलेको छ । निजामती प्रशासनमा हरेक मुद्दामा यस संगठनले कार्य गर्दछ, त्यसपछि अन्य ट्रेड यूनियनले प्रतिक्रिया व्यक्त गर्ने परम्परा रहि आएको छ । अन्य प्रतिस्पर्धि ट्रेड युनियनहरुको नकारात्मक विशेषता क्रमिक रुपले भित्रिन थालेको छ । अस्वाभाविक गुटवन्दीका विषयमा समयमा नै सचेत र वस्तुगत निगरानी एवं खबरदारी गर्न सके हामी निजामती सेवाको सर्वोत्कृष्ट ट्रेड युनियन सावित हुनेछौं ।

२. **नेपाल निजामती कर्मचारी युनियन :** दलीय राजनीतिको प्रभाव एवं नेपाल निजामती कर्मचारी संगठनको आन्दोलनलाई कमजोर पार्ने अभिप्रायका साथ संगठनबाट छुट्टिएर २०४७ फाल्गुण १२ गते संघको नाम दर्ता भएको र सम्मानित सर्वोच्च अदालतको २०५२ मंसीर २० गतेको निर्णयानुसार खारेज भई पुनः युनियनको नाम दर्ता भएको । राजनैतिक रूपमा नेपाली कांग्रेसको भातृ संगठनको रूपमा क्रियाशील यस युनियनले पेशागत मुद्दा भन्दा निहित कर्मचारीहरूको व्यक्तिगत स्वार्थ तथा शक्ति र सुविधाकालागि आफूलाई केन्द्रित गरेको पाइन्छ । यस युनियनको केन्द्रिय नेतृत्वमा रहेको चरम गुटवन्दिका कारणबाट अन्तर ट्रेड युनियन संवाद र समन्वयमा अवरोध सृजना हुने गरेको छ । माथि देखि तल सम्म २ गुटमा विभाजित यो युनियनलाई निजामती कर्मचारीहरूले विश्वास गर्न नसकेको अवस्था छ । नेतृत्वको कार्यशैलीको कारणले समस्या देखिन थालेका छन् । संस्थागत निर्णयमा नबाँधिने, आफु खुसी समूह समूह बनाएर विभाजित मत प्रशासन सामु लैजादा उच्च पदाधिकारीहरूले युनियनलाई संस्थागत रूपमा भन्दा व्यक्तिगत रूपमा मात्र चिन्ने र व्यवहार गर्ने गरेका छन् ।

३. **नेपाल राष्ट्रिय कर्मचारी संगठन (निजामती राष्ट्रिय समिति) :** एनेकपा माओवादी पार्टीको जनवर्गीय संगठनको रूपमा क्रियाशील यो संगठन ट्रेड युनियनको मूल्यमान्यता र संस्कार विपरित अराजक क्रियाकलापको पर्यायको रूपमा निजामती कर्मचारीहरूको बीच चित्रित छ । यस संगठनमा अन्य संगठनबाट पलायन भएका लोभी र स्वार्थी कर्मचारीहरूको जमातको बाहुल्यता रहेको छ । यस संगठनमा रहेको गुटवन्दिका कारणबाट अन्तर ट्रेड युनियन संवाद, सम्वन्ध र सहकार्यमा नकारात्मक प्रभाव परिरहेको अवस्था छ । यस संगठनको क्रियाकलापले गर्दा निजामती क्षेत्रको ट्रेड युनियन आन्दोलनको साख गिराउने काम भएको छ । आफू अनुकूल सरकार भएको अवस्थामा यो संगठन निजामती क्षेत्रमा उदण्ड मच्चाई गुण्डागर्दी गर्न रमाउने गरेको छ भने समूहमा क्रान्तिकारिपना देखाउने एक्ला एक्लै गएर ताबेदारी गर्ने आफु अनुकुल सिफारिसहरू गर्ने प्रवृत्तिले ट्रेड युनियन आन्दोलनमा सहयोग गर्नु को सट्टा यसले आन्दोलनलाई नै भ्रष्टिकरण गरेको छ ।

४. **नेपाल मधेशी निजामती कर्मचारी मञ्च :** मधेसीवादी दल निकटको रूपमा स्थापित यो मञ्च विशुद्ध साम्प्रदायिक भावनाबाट अभिप्रेरित छ । प्राविधिक कर्मचारी माभ्र सिमित र केन्द्रित यस मञ्चले निजामती क्षेत्रमा प्रशासनिक सुधार एवं पेशागत हकहित प्रवर्द्धनमा खासै उल्लेख्य भूमिका निभाउन सकेको पाइदैन ।

उसको वास्तविक सदस्य संख्या भन्दा धेरै अनधिकृत सदस्यहरू आफ्नो क्षमता ठूलो भएको भान पार्न खोज्ने र आकर्षक कार्यालयहरूमा भाग खोज्ने प्रवृत्ति छ । अन्तर ट्रेड युनियन सञ्जालमा यस संगठनले सहयोगी भूमिका खेलिरहेको छ ।

**५. राष्ट्रिय स्वतन्त्र कर्मचारी मिलन केन्द्र :** निजामती क्षेत्रमा रहेका कार्यालय सहयोगी तथा सवारी चालकहरूको वर्गीय हितको पक्षमा आफुलाई उभ्याउने गरेको पाइन्छ । कुनै पनि राजनैतिक दलको निकट नरहेको यो संगठन आफुलाई स्वतन्त्र र न्यून वर्गीय कर्मचारीको पक्षधर हुँ भन्ने दावा गर्दछ । पेशागत हक हित र निजामती प्रशासनको सुधारको क्षेत्रमा यसको स्पष्ट अडान र उलेख्य भूमिका रहेको छैन ।

**६. राष्ट्रसेवक कर्मचारी संगठन** : सरकारी तथा संस्थान सवारी चालक एशोसियसनको रूपमा क्रियाशील रहेको संस्थालाई विभिन्न संगठनका पदाधिकारी तथा सदस्यको समेत दस्तखत गराई दर्ता भएको पछिल्लो ट्रेड युनियन हो । निजामती सेवाको विकास एवं पेशागत समृद्धिको क्षेत्रमा यस संगठनको खासै भूमिका रहेको देखिएको छैन ।

**७. नेपाल निजामती कर्मचारी संघ** : नेपाल निजामती कर्मचारी यूनियनको आन्तरिक कलह र कार्य संस्कृतिजन्य मतभिन्नताका कारणले विभाजन भई निजामती क्षेत्रको ट्रेड यूनियनको रूपमा दर्ता हुन पुगेको नेपाल निजामती कर्मचारी संघ कार्य संस्कृति र ट्रेड यूनियन संस्कारका ढंगले नेपाल निजामती कर्मचारी यूनियनसँग नै सामिप्यता राख्दछ । राजनीतिक सामिप्यता राख्ने सदस्य/पदाधिकारीहरुलाई असहयोग र चरित्र हत्या गर्ने कुसंस्कृति समेत देखिएको छ ।

**८. राष्ट्रिय कर्मचारी संगठन (निजामती केन्द्रीय समिति)** : एनेकपा माओवादी पार्टी विधिवत रूपमा विभाजन भइसकेपछि साविक नेपाल राष्ट्रिय कर्मचारी संगठन (निजामती राष्ट्रिय समिति) विभाजन भई राष्ट्रिय कर्मचारी संगठन (निजामती केन्द्रीय समिति) निजामती क्षेत्रको पछिल्लो ट्रेड यूनियनको रूपमा दर्ता भएको छ । कार्य संस्कृति र व्यवहारका हिसावले यसले नेपाल राष्ट्रिय कर्मचारी संगठन (निजामती राष्ट्रिय समिति) कै चरित्र बोक्दछ ।

**नेपाल निजामती कर्मचारी संगठनको सांगठनिक संरचना :**

**१. केन्द्रीय कार्य समिति :**

समावेशी र समानुपातिक प्रतिनिधित्वको सिद्धान्तलाई अंगिकार गरी संगठनको नवौ राष्ट्रिय अधिवेशनबाट १०४ सदस्यीय केन्द्रीय कार्य समिति निर्माण भएको छ ।

**२. केन्द्रीय सचिवालय :**

केन्द्रीय कार्य समितिका अध्यक्ष, बरिष्ठ उपाध्यक्ष, उपाध्यक्षहरू, महासचिव, सचिवहरू, कोषाध्यक्ष, सह-कोषाध्यक्ष र लेखा परिक्षण आयोगका संयोजक र सदस्यसहित रहने गरी २२ सदस्यीय केन्द्रीय सचिवालय क्रियाशील छ ।

**३. जिल्ला । विभागीय कार्य समिति :**

७५ जिल्लामा जिल्ला कार्य समिति र मन्त्रालय, विभाग एवं केन्द्रीय निकायमा ३५ विभागीय कार्य समिति बढीमा २१ सदस्य रहने गरी समावेशी कार्य समिति गठन भई संचालनमा रहेका छन् ।

**४. आवश्यकतानुसार इलाका समन्वय समिति र प्रारम्भिक कार्य समितिहरू :**

**५. क्षेत्रीय समन्वय समिति :**

देशको पाँच विकास क्षेत्र र उपत्यका क्षेत्रमा विभागीय कार्य समितिहरू समावेश गरी सम्बन्धित क्षेत्रको उपाध्यक्षको संयोजकत्वमा केन्द्रीय कार्य समितिका सदस्यहरू पदेन सदस्य रहने पूर्वाञ्चल, मध्यमाञ्चल, पश्चिमाञ्चल, मध्य पश्चिमाञ्चल, सुदूर पश्चिमाञ्चल र उपत्यका गरी ६ वटा क्षेत्रीय समन्वय समितिहरू गठन भएका छन् ।

**६. अञ्चल समन्वय समिति :**

सम्बन्धित अञ्चलबाट उम्मेदवार भई अधिवेशनबाट निर्वाचित भएका केन्द्रीय सदस्यको संयोजकत्वमा सोही अञ्चल भित्रका केन्द्रीय सदस्यहरू, जिल्ला कार्य समितिका अध्यक्ष, केन्द्रीय पार्षद, केन्द्रीय प्रतिनिधि पदेन सदस्य र ३ जनासम्म मनोनित सदस्य रहने गरी २४ वटा अञ्चल समन्वय समिति क्रियाशील छन् । संगठनको विधानमा व्यवस्था भए अनुसार १४ अञ्चललाई भौगोलिक सुगमता अनुकुल १९ वटा अञ्चलमा विभाजन (सगरमाथा, बागमती, कर्णाली, सेती र महाकाली अञ्चललाई बिभाजन गरिएको) गरिएको छ भने उपत्यकामा ५ वटा अञ्चल समन्वय समितिहरू गठन भएका छन् ।

**नेपाल निजामती कर्मचारी संगठन, केन्द्रीय विभाग र क्रियाशिलता :**

संगठन केन्द्रीय सचिवालयलाई सहयोग गर्नका लागि तपसिल बमोजिमका १४ केन्द्रीय विभागहरू गठन भएका छन् । विभागले विनियममा व्यवस्था भए बमोजिमका कार्यहरू सचिवालयसँग समन्वयमा गर्दै आएका छन् । नवौ राष्ट्रिय अधिवेशन पश्चात विभागहरूको गठन देहाय वमोजिम रहेको छ ।

**१. सहकारी विभागः** राष्ट्रसेवक सहकारीहरूको संचालनको लागि लोगो, छाप समेतमा एकरूपता कायम गर्दै लागु गर्ने तर्फ प्रयासरत रहेको छ । सबै क्षेत्रिय सहकारी भेलाहरु सम्पन्न भएका छन् । यस अवधीमा डोल्पा र बैतडीमा राष्ट्रसेवक सहकारी स्थापना भएको छ र अव सहकारीको संख्या ६७ पुगेको छ । व्यवहारिकरूपमा सहकारीहरूको अनुगमन गर्ने र एकिकृत लगानी योजनालाई अध्ययन गर्ने, सहकारी ऐन संशोधन गर्न दवाव दिने लगायतका कार्य गर्ने तर्फ योजना बनाउन आवश्यक छ । बारा, पर्सा, रौतहट, सर्लाही, महोत्तरी, डडेल्धुरा, मुगु र जुम्लामा सहकारी स्थापनाको लागि कार्य योजना वनाउन आवश्यक छ । यस विभागको  प्रमुख वरिष्ठ उपाध्यक्ष केदार प्रसाद देवकोटा र उप-प्रमुखमा सचिव चेतनाथ न्यौपाने रहनु भएको छ ।

**२. केन्द्रीय अनुशासन तथा अनुगमन विभाग :** अनुगमन र मूल्यांकनको पाटोलाई वस्तुगत वैज्ञानिक रुपमा पारदर्शिता कायम गरी सबै संयन्त्रहरुमा अनुगमन, मूल्याङ्कन कार्य अगाडि बढाउने तर्फ क्रियाशील हुन आवश्यक छ । संगठनलाई अनुशासित र मर्यादित किसिमले अगाडि बढाउने दिशामा यस विभागले कार्य गर्ने गर्दछ । यस विभागको प्रमुख वरिष्ठ उपाध्यक्ष केदार प्रसाद देवकोटा रहनु भएको छ । संगठन संरचनाहरुको नियमित अनुगमन गर्ने दिशामा कामकाजी वन्न आवश्यक छ ।

**३. महिला विभाग :** महिला पेशाकर्मीहरूका समस्या वारेमा अन्तर्क्रिया संचालन गरेको छ । हरितालिका तीजमा तीज पर्व जागरण प्रतियोगिता संचालन गरेको छ । सविधानसभाका महिला सदस्य तथा अग्रज महिलाहरूको सम्मान गरेको छ । मुक्त हलियाहरूको लागि कपडा वितरण गरेको छ । यस विभागको प्रमुख उपाध्यक्ष सिन्धु पाण्डे हुनुहुन्छ । दोश्रो केन्द्रीय महिला भेलाको तयारीमा जुट्न आवश्यक छ ।

**४. सामाजिक सेवा विभाग :** संगठन सदस्य एवं परिवारजनको सबै सामाजिक संस्कारहरूको संयोजन र व्यवस्थापन कार्यमा सहयोग पुऱ्याउँदै आएको छ । संगठक एवं पूर्वजहरूको औषधोपचार सहयोग कार्यक्रम गर्दै आएको छ । यस विभागको प्रमुख उपाध्यक्ष लेखनाथ कोईराला हुनुहुन्छ । आम संगठकहरूलाई सामाजिक कार्यहरूमा एकतावद्ध वनाउने दिशामा लाग्न आवश्यक छ ।

**५. समावेशी समन्वय विभाग :** समावेशी समन्वय समितिहरूलाई पूर्ण क्रियाशिल वनाउदै समावेशीताको अबधारणात्मक पक्षको सहि योजना वनाउन आवश्यक छ । निजामती सेवा र निजामती कर्मचारी संगठनमा समावेशीताको संख्या लगायतका विषयमा योजना तथा विश्लेषणहरु अगाडी सार्न आवश्यक छ । यस विभागका प्रमुख उपाध्यक्ष भागवत यादव हुनुहुन्छ । विभाग अर्न्तगत दलित, जनजाति, मधेशी सम्पर्क समितिहरु रहेका छन् । सबै संयन्त्रहरुको पूर्णता दिदै परिभाषित काममा जुट्न आवश्यक छ ।

**६. सेवा समन्वय विभाग :** निजामती सेवाका सबै सेवा समन्वय परामर्श समितिहरूलाई पूर्णता दिदै सेवागत क्षेत्रका समस्या र समाधानका उपायहरु संगठनमा सुझाव गर्ने कार्य सम्पन्न गर्न आवश्यक छ । यस विभागका प्रमुख उपाध्यक्ष ईश्वरी प्रसाद ढकाल हुनुहुन्छ । विभाग अर्न्तगत १० वटा सेवा परामर्श समितिहरुः- प्रशासन, शिक्षा, वन, कृषि, स्वास्थ्य, इन्जिनियरिङ्ग, न्याय, विविध, आर्थिक योजना तथा तथ्याङ्क र परराष्ट्र सेवा परामर्श समिति रहेका छन् ।

**७. विदेश विभाग :** संगठनको वैदेशिक सम्वन्ध विस्तार गर्ने कार्यका लागी 26-29th June 2013 मा सम्पन्न National Education Health and Allied Workers Union (NEHAWU) को 10th National Congress, Johannesburg, South Africa मा संगठनको तर्फबाट अध्यक्ष पुण्य प्रसाद ढकालले प्रतिनिधित्व गर्नु भएको छ । भारतमा भएको AISGFE को १५औं कंग्रेसमा संगठनका अध्यक्ष पुण्य प्रसाद ढकालको नेतृत्वमा उपाध्यक्ष ईश्वरी प्रसाद ढकाल, केन्द्रीय सदस्यहरु भुवन राई, मान बहादुर विष्ट र मेघदेव पन्त र लेखा आयोगका सदस्य सिताराम घिमिरेको सहभागिता रहेको थियो । Public Service Trade Union Federation Srilanka को 58th Anniversary तथा 29th Delegates Conference 27-29 जुन २०१३ मा संगठनका महासचिव मोहन कुमार घिमिरेबाट प्रतिनिधित्व भएको थियो । TUI Public Service को 12th Congress मा ४० देशका १७२ प्रतिनिधिहरु उपस्थिति रहनु भएको थियो । यसमा WFTU, TUI लगायत वैदेशिक सम्बन्ध भएका ट्रेड युनियनहरुबाट प्राप्त सुझाबहरुलाई दस्तावेजीकरण गर्दै समसामयिक विषयहरुमा ऐक्यबद्धता र धन्यवाद पत्र पठाईएको छ । यस विभागको प्रमुख महासचिव मोहनकुमार घिमिरे हुनुहुन्छ । वैदेशिक सम्बन्धलाई अझै सुदृढ बनाउँदै विश्व ट्रेड युनियनको क्षेत्रमा संगठनको प्रभावकारी उपस्थिति देखाउने पक्षमा हाम्रो क्रियाशिलता हुन आवश्यक छ ।

**८. संगठन विभाग :** संगठन सम्पर्क डायरी ५,००० प्रति छपाई गरी वितरणको क्रममा रहेको छ । संगठन संरचनाहरूको अनुगमन कार्य सम्पन्न गर्दै जिल्ला र विभागीय परिषदहरू सम्पन्न गरेको छ । यस विभागको प्रमुखमा सचिव रामहरि शर्मा हुनुहुन्छ । संगठनको सदस्य संख्या, समावेशी विश्लेषण लगायतका कार्य सहित काममा लाग्न आवश्यक देखिन्छ । सवै सांगठनिक संरचनाहरुको पूर्णता दिने काममा विशेष ध्यान दिन आवश्यक छ ।

**९. प्रशिक्षण विभाग :** प्रशिक्षण सामाग्री (केन्द्र, अंचल ४,००० जिल्ला/विभागीय ३,०००) ७,००० प्रति प्रकाशन गरेको छ । केन्द्र, अंचल र जिल्ला/विभागीय कार्य समितिका प्रशिक्षण कार्यक्रम सम्पन्न गरेका छन् । प्रशिक्षक साथीहरुका लागि TOT सञ्चालन गरेको छ । यस विभागको प्रमुख सचिव भवानी दाहाल हुनुहुन्छ । प्रशिक्षण कार्यलाई अझ व्यावहारिक र कर्मचारीको कार्य विवरणसँग तादम्यता राख्ने खालको वनाउन आवश्यक छ ।

**१०. अतिरिक्त क्रियाकलाप विभाग :** संगठनद्वारा संचालन गरिने उपहार कार्यक्रम, हाजिरी जवाफ, वनभोज कार्यक्रम लगायतका कार्यहरू सम्पादन गरेको छ । हाजिरी जवाफ कार्यक्रमलाई देशब्यापी वनाउने विषयमा छलफलको थालनी गरेको छ । यस विभागका प्रमुख सचिव रमेश भण्डारी हुनुहुन्छ । च्यारिटी सो लगायतका अतिरिक्त कृयाकलाप सम्पन्न गर्ने कार्य योजना सहित काममा लाग्न आवश्यक छ ।

**११. प्रचार प्रसार तथा प्रकाशन विभाग :** संगठनले सञ्चालन गरेका गतिविधिहरुको प्रचार प्रसार गर्ने, प्रकाशन गर्ने, आवश्यकता अनुसार प्रेस सम्मेलन, व्यवस्थापन गर्ने लगायतका कार्यहरु यस विभागले सम्पन्न गरेको छ । नेगो बुलेटिनका प्रकाशन, स्वाभिमानी राष्ट्रसेवक (रजत महोत्वस अंक) प्रकाशन, NEGEO Browser, वार्षिक क्यालेन्डर तथा पकेट क्यालेण्डर आदि प्रकाशन गर्दै आइरहेको छ । महत्वपूर्ण अध्ययन सामग्रीहरुको प्रकाशन गर्ने सन्दर्भमा लोकसेवा आयोग सहयोगी सामग्रीका रुपमा **"राष्ट्रसेवक दर्पण"** भाग १ को प्रकाशन गरिएको छ । यस विभागको प्रमुख सचिव गंगा वहादुर सुनुवार रहनु भएको छ । दोहोरो सञ्चार प्रणाली स्थापना गर्ने, प्रभावकारी संचार संयन्त्रको खोजी गर्ने, नियमित किसिमले प्रेस विज्ञप्ती मार्फत संगठनका गतिविधि प्रचारका लागि सहयोग पुऱ्याउने दिशामा यस विभाग क्रियाशिल रहन आवश्यक छ ।

**१२. कार्यालय व्यवस्थापन तथा जनसम्पर्क विभाग :** बिजुलीबजार स्थित भाडाको घरमा ३ वटा फ्ल्याटबाट यस संगठनको केन्द्रीय कार्यालय सञ्चालन हुँदै आइरहेको छ । कार्यालयमा ३ थान कम्प्युटर, ३ थान प्रिन्टर, १ थान फ्याक्स मेसिन, ३ लाइन टेलिफोनबाट सञ्चार सम्पर्क र अन्य भौतिक सामग्रीहरु दराज, फोटोकपी, मेसिन, कुर्सि, टेबलहरु अधिकांश पुराना रहेका छन् । विभिन्न जिल्ला/विभागबाट प्राप्त गुनासाहरु, सुझावहरु, परिपत्रहरु, रिपोर्टिङहरुका साथै विभिन्न कार्यक्रमहरुको व्यवस्थापन न्यून स्रोत र साधन परिचालन गरी चुष्टरुपमा यस विभागले गर्दै आईरहेको छ । त्यसैगरी संगठनको वेभसाईट, ईमेल अपडेट कार्य गर्दै आईरहेको छ । यस विभागको प्रमुख सचिव ललीक बहादुर महर्जन रहनु भएको छ भने कार्यालय सहायकको रुपमा सुरेश कुमार पोखरेल रहनु भएको छ । केन्द्रीय भवन निर्माणको कार्यलाई समयमै सम्पन्न गरी नयाँ किसिमबाट कार्यालय व्यवस्थापनको जिम्मेवारीमा लाग्न जरुरी देखिन्छ । दोहोरो संचार प्रणाली, व्यवस्थित फाईलिङ्ग प्रणाली, नियमित कार्यालय संचालन लगायतका विषयमा ध्यान दिन आवश्यक छ ।

**१३. आर्थिक विभाग :** संगठन सञ्चालनका लागि आर्थिक पक्ष महत्वपूर्ण हुने गर्दछ । यस विभागले संगठन परिचालन एवं सञ्चालन गर्नका लागि आवश्यक पर्ने आर्थिक पक्षको जोहो गर्नेकाम गरिआएको छ । केन्द्रीय भवन निर्माण, रजत महोत्सवका कार्यक्रमहरुको सञ्चालन, TUI 12th Congress, केन्द्रीय परिषद जस्ता कार्यक्रमहरुका लागि खर्च हुने रकम संकलन गर्न विशेष आर्थिक अभियान सञ्चालन गरेको छ भने नियमित आर्थिक गतिविधिमा समेत यो विभाग क्रियाशील रहिआएको छ । ३१,७३० सदस्यहरुको नियमित लेवी तथा सदस्यता शुल्क उठाउने प्रभावकारी संयन्त्र निर्माण, आर्थिक सुशासन कायम गर्दै सबै गतिविधि एवं क्रियाकलापहरुमा प्रतिस्पर्धी ढंगले आर्थिक अभियान संचालन गर्ने, संगठन सञ्चालना लागि नियमित स्रोतको व्यवस्था गर्ने तर्फ यो विभागले ध्यान दिनु आवश्यक छ । यस विभागका प्रमुखका रुपमा संगठनका केन्द्रीय कोषाध्यक्ष राजेन्द्र कुमार श्रेष्ठ एवं उप-प्रमुखमा केन्द्रीय सह-कोषाध्यक्ष बखत बहादुर खड्का हुनुहुन्छ ।

**१४. कानुन तथा अनुसन्धान विभाग :** निजामती सेवा ऐन र नियमावली संशोधनका सन्दर्भमा प्राप्त सुझाव संकलन गरी सचिवालयमा प्रस्तुत गर्ने कार्य गरेको छ । संगठनलाई कानुनी आवश्यक सुझाव प्रदान गरेको छ । यस विभागको प्रमुख सह-कोषाध्यक्ष वखत वहादुर खड्का हुनुहुन्छ । अनुसन्धानमुलक कार्य योजना निर्माण गरी काममा जुट्न आवश्यक देखिन्छ ।

**आदरणीय अध्यक्षज्यू,**

**केन्द्रीय परिषद् सदस्य एवं पर्यवेक्षकज्यूहरू,**

मुलुक अहिले राजनीतिक संक्रमणमा गुज्रिरहेको छ । राजनीतिक प्रणालीले एउटा सुस्पष्ट दिशा निर्देश नगरी रहेको अवस्थामा आर्थिक, सामाजिक, सांस्कृतिक प्रशासनिकलगायतका पेशागत विषयहरूमा समेत संक्रमणता रुमलिंदो रहेको छ । यही राजनीतिक संक्रमणताको प्रभाव भित्र अब म, नेपाल निजामती कर्मचारी संगठनको नवौ राष्ट्रिय अधिवेशन (२०६९ चैत्र २७-२९, काठमाडौ) बाट पारित नीति तथा कार्यक्रमहरूको कार्यान्वयनको अवस्था बारे संक्षिप्त समीक्षा प्रस्तुत गर्न चाहान्छु ।

**(१) संक्रमणकालको अन्त्यको लागि खबरदारी गर्ने**

मुलुकको राजनीतिक अन्योलता र संक्रमणकालको अन्त्यको लागि जिम्मेबार सबै राजनीतिक दललाई बस्तुगत ढङ्गले खबरदारी गर्नु हामी पेशाकर्मीहरूको दायित्व हो । संगठन स्थापनाकालदेखि नै मानव अधिकार, लोकतन्त्र र शान्तिको पक्षमा कृयाशील रहेको छ । इतिहास र वर्तमानमा संगठनले अगाडि सारेका मुद्दा र कार्यभारहरूको सम्पन्नताका लागि समेत राजनीतिक संक्रमणताको चाँडै अन्त्य हुनु पर्दछ । राजनीतिले एउटा सुस्पष्ट दिशा नलिदा पेशागत मुद्दाहरू समेत ओझेलमा पर्ने निश्चित छ । यसर्थ व्यापक राष्ट्रिय सहमती कायम गर्दै राष्ट्रिय सहमतीको सरकार निर्माण गर्ने, आम नेपालीमा जनजीविकाका सवालसंगै पेशागत मागहरू सम्बोधन गर्ने गरी संविधान निर्माण गर्दै संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनार्थ हाम्रा विधि र व्यबहारले संक्रमणकालको अन्त्यका लागि खबरदारी गर्नु पर्दछ ।

- यस दिशामा वस्तुगत ढंगले खवरदारी र निगरानी गर्दै सबै जिम्मेवार राजनितिकदलहरूलाई विधि,प्रक्रिया र पद्धती अनुकुल निर्णय प्रकृया अगाडी वढाउन अनुरोध र आग्रह गरिएको छ ।

- व्यक्तिगत लहडवाजी र निर्णय प्रकृयामा सहभागीता नअपनाउने तथा निर्णित विषयवस्तु भित्र नेतृत्व नवस्ने परिपाटीले समग्र राजतितिक प्रणालीमा समस्या देखिएको छ ।

**(२) पेशाकर्मीहरूका एजेण्डा सहीत नयाँ संविधान निर्माणमा जोड दिने**

पेशाकर्मीहरूको एजेण्डा - (क) क्षतिपूर्ति सहितको नागरिक सेवा प्रवाह, (ख) सामाजिक सुरक्षा, (ग) श्रमको सम्मान, (घ) राजनीतिक अधिकार सहितको ट्रेड युनियन अधिकार जस्ता विषयवस्तुलाई हामी पेशाकर्मीहरूको मौलिक हकको रूपमा समावेश गर्दै आगामी संविधान निर्माण गर्नका लागि दबाब सृजना गर्न आवश्यक छ । यसकालागि निम्न कार्यहरू भएका छन् :

- २०७१ साल पौष १८ गते संगठन ट्रेडयुनियनमा दर्ता भएको सन्र्दभमा सबै जिल्ला कार्यसमितिहरूले प्रमुख जिल्ला अधिकारी मार्फत र केन्द्रीय कमिटीको तर्फबाट वृहत दवाव ऱ्याली सहित संविधानसभा का सम्माननिय अध्यक्षलाई संगठनको तर्फबाट ज्ञापन-पत्र प्रदान गरिएको छ ।
- सबै जिम्मेवार राजनितिक दलहरूलाई उपयूक्तढंगले जनताको चासो र चिन्ताको विषय नयाँ संविधान जारी गर्न दवावव श्रृजना गरिएको छ ।

**(३) पेशाकर्मीहरूको सामाजिक सुरक्षामा जोड दिने**

सेवाकालीन तथा सेवानिबृत्त जीवनको सामाजिक सुरक्षाका लागि वैज्ञानिक ढङ्गले हामीले विषय वस्तुहरूको उठान र कार्यान्वयनमा ध्यान दिन आवश्यक छ । वर्तमान ऐन, कानून अनुसार प्राप्त भएको सामाजिक सुरक्षालाई वैज्ञानिकीकरण गर्दै सामाजिक सुरक्षामा थप आधारहरू निर्माण गर्ने प्रयास हुनुपर्दछ । शिक्षा, स्वास्थ्य, सम्मानजनक जीवनयापन, परिवारको भरणपोषण, भविष्यको सुनिश्चितता जस्ता विषयहरू सामाजिक सुरक्षाको आधार हुन् । तसर्थ निम्न विषयमा संगठनको विशेष ध्यानाकर्षण हुनुपर्दछ :

(क) निजामती अस्पतालको सेवा सुधार गर्दै अञ्चलस्तरमा सेवा विस्तार गर्न दबाब सृजना गर्ने ।
(ख) कार्यान्वयनमा रहेको सावधिक जीवन वीमालाई वैज्ञानिक र पूर्ण कर्मचारीपक्षीय बनाउन दबाब दिने ।
(ग) कर्मचारी संचयकोषमा १० प्रतिशत कोषकट्टी भई रहेको अवस्थालाई २० प्रतिशत कोषकट्टी गरी सरकारको तर्फबाट २० प्रतिशत थप गर्नका लागि माग अगाडि सार्ने ।
(घ) प्रस्तावित स्वास्थ्य तथा औषधोपचार वीमाको व्यवस्थालाई कार्यान्वयनमा ल्याउन दबाब दिने ।
(ङ) पोशाक भत्ताको रकम रु.७५००।-लाई कम्तीमा रु. १५०००।- बनाउन दबाब दिने ।
(च) १ दिनको तलव बराबरको ग्रेडलाई कार्यान्वयनमा ल्याउन प्रयत्न गर्ने ।
(छ) कडा किसिमको रोगको परिभाषालाई फराकिलो बनाउदै, निजामती सेवा ऐनको परिवारलाई परिभाषालाई व्यापक बनाई समेट्न अनुरोध गर्ने ।
(ज) कार्यान्वयनमा रहेको उच्च शिक्षा छात्रबृत्ती योजना व्यापक र वैज्ञानिक बनाउँदै निजामती सन्तती छात्रबृत्ति कार्यान्वयन गर्न दबाब दिने ।
(झ) परिवहन सुविधा प्रणालीमा व्यापक सुधार गर्दै एकीकृत परिवहन प्याकेजको माग अगाडि सार्ने ।
(ञ) सबै जिल्लामा निजामती विद्यालय स्थापनाको लागि माग अगाडि सार्ने ।
(ट) निजामती आवासको व्यवस्था सबै जिल्लामा पुऱ्याउन माग अगाडि सार्दै सहुलीयतपर्स्ण आवास कर्जा उपलब्ध गराउन दवाव श्रृजना गर्ने ।
(ठ) सबै कार्यालयमा कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली कार्यान्वयनका लागी दवाव श्रृजना गर्ने।
(ड) सबै कर्मचारीलाई सरोकारीत सेवाग्राही सग दोहोरो संचार कायम गर्दै सेवामा प्रभावकारीता ल्याउन संचार खर्चको माग गर्ने ।

**यसका लागि भएको कार्य यस प्रकार छ :-**

- निजामती अस्पतालको सुधारको वारेमा पटक/पटक सम्बन्धीत निकायको ध्यार्नाकषण गराउँदै निजामती कर्मचारीहरूको लागि अलग ढंगले सेवा प्रवाहको दवाव र थालनी भएको छ ।
- सावधिक जिवन बिमालाई कर्मचारी पक्षिय वनाउनका लागी सम्बन्धीत निकायको ध्यार्नाकषण गराउदै संसोधनको प्रकृयामा अगाडी वढेको छ ।
- स्वास्थ्य तथा औषधोपचार विमाको लागी सामान्य प्रशासन मन्त्रालयबाट प्रस्ताव तयार र छलफलको

क्रममा रहेको छ

- उच्चशिक्षाको लागी छात्रवृत्तियोजना लाई समावेशी तुल्याउदै प्रदान गरिने छात्रवृत्ति संख्या वढाउन माग अगाडी वढाई एको छ । विगत २ वर्षदेखी रोकिएको छात्रवृत्ति योजना रोकिएकै मितिवाट लागू हुने गरि पुनः सुचारु भएको छ ।
- कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली सबै कार्यालयहरूमा व्यवस्थापन गर्न एक दिनको तलव वरावरको ग्रेड प्रदान गर्न, निजामती कर्मचारीका सामाजिक सुरक्षालाई व्यावहारिक र वैज्ञानिक वनाउन माग अगाडी सारिएको छ ।

## (४) संगठन भित्रको सामाजिक सुरक्षा

सदस्यता नवीकरणसगै वीमाको व्यवस्था गरी संगठन भित्रको सामाजिक सुरक्षालाई मजवुत वनाउनु आवश्यक छ । सदस्यता रेकर्ड व्यवस्थापनमा जवरजस्त सुधार ल्याउन, संगठन सञ्चालन पद्धतीमा वैज्ञानिकरण गर्न, संगठनप्रतिको आकर्षण जगाउन र सामाजिक सुरक्षाको ग्यारेण्टी गर्नका लागि सदस्यता नवीकरणसगै वीमाको व्यवस्थालाई जोडेर लैजाने नीति अगाडि वढाउनु पर्दछ । गम्भिर किसिमको रोग लागेमा निजामती कर्मचारी संगठनका सदस्य र परिवारलाई प्रदान गरिएको रु ५,०००।- सहयोगलाई १० हजार पुर्‍याउने लक्ष्य हुनु जरुरी देखिएको छ ।

- सदस्यता नविकरण सगै विमाको व्यवस्था गर्ने सन्र्दभमा अध्ययन कार्य एवं सवै सदस्यहरुलाई सुसुचित गर्ने कार्य भईरहेको छ ।
- कर्मचारी कल्याण कोष मार्फत प्रदान गरिने सहयोग रकमलाई १०,००० पुर्‍याउने निर्णय कार्यान्वयन गर्न आवश्यक छ ।

## (५) भवन निर्माण र भौतिक पुर्वाधार विकासमा जोडदिने

संगठनको केन्द्रीय भवन निर्माणका लागि बबरमहल स्थित शहरी विकास तथा भवन निर्माण विभाग परिसरभित्रको का.म.न.पा.वडा नं. ११ स्थित कि.नं.२५०२ क्षेत्रफल ४४५.१४४ ब.मि.जग्गा मा.पो.का., डिल्लीबजारको मि.नं. ३/०६८/९/११ को निर्णयानुसार भोगाधिकार प्राप्त भएको स्थानमा संगठनको चौथों राष्ट्रिय अधिवेशनबाट उठान भएको २० वर्ष पछि संगठनको आफ्नो भवन निर्माण कार्य यस अवधिमा शुरु भएको व्यहोरा स्मरण गराउदै सो जग्गामा केन्द्रीय भवन निर्माण कार्य अगाडी वढेको छ । यस भवनलाई पुर्णता दिन विगत देखी सहयोग गर्नु हुने सबै जिल्ला/ विभागीय कार्यसमितिहरू आम संगठक मित्रहरूलाई धन्यवाद दिदै आगामी दिनमा थप सहयोगको अपेक्षा संगठनले राखेको छ । यसै सन्र्दभमा आर्थिक अभियानलाई व्यापक वनाउदै भवन निर्माण कार्य सम्पन्न गर्ने लक्ष्य रहनु पर्दछ ।

- केन्द्रीय भवन निर्माण कार्य सम्पन्न हुने दिशामा अगाडी वढेको छ । सरकारी मापदण्ड तथा संगठनको आवश्यकता समेतलाई ध्यान दिएर वाहिरी आवरण परिवर्तन नहुने गरी नक्सा परिवर्तन गरिएको छ । नवौं राष्ट्रिय अधिवेशनले पारित गरेको वेसमेन्ट सहितको केन्द्रीय भवन निर्माण योजनालाई वहस र छलफलपछि वेसमेन्ट रहित निर्माण गर्ने निर्णय भएको छ । भवन निर्माणको यस योजनालाई अर्थ संकलनसमेतको कार्य व्यापक वनाइएको छ । सबै संगठकहरूको योगदान र गौरवको केन्द्र शहीद मनोज-झपेन्द्र स्मृति भवन निर्माणलाई यथाशिघ्र पूरा गर्नुपर्ने दायित्व हामीबीच रहेको छ ।

## (६) पहिचान योग्य नेतृत्व विकासमा जोड दिने

संगठनले राजनीतिक अधिकार सहितको ट्रेड युनियन अधिकार माग गरी रहेको छ । त्यसो भएको हुँदा नेपाल निजामती कर्मचारी संगठनमा नेतृत्वदायी भूमिका निर्वाह गरेका अग्रज संगठकहरूको व्यवस्थापनमा विषेश ध्यान दिनु आवश्यक छ । संगठनमा लामो समयसम्म नेतृत्व प्रदान गरेका अग्रजहरूको नेतृत्व क्षमतालाई राजनीतिक र सामाजिक आन्दोलनको क्षेत्रमा स्थापित गर्न अभिप्रेरणा, सहयोग र क्षमता विकासका लागि संगठनले सहयोग पुर्‍याउने नीति अगाडि सार्न पर्दछ ।

- अग्रज संगठकहरूको व्यवस्थापनमा संगठन कृयाशिल छ ।

## (७) आधिकारिक ट्रेड युनियनको माँग

लामो अधिकारको लडाई पछि हामी व्यवस्थापनको तहमा आई पुगेका छौ । संगठनको माग र दवावको फलस्वरूप प्राप्त भएको निजामती क्षेत्रको ट्रेड युनियनलाई व्यवस्थित गर्नका लागि हाम्रा विधि र व्यवहारहरू केन्द्रित हुनु आवश्यक छ । **"प्रतिस्पर्धामा सर्वोकृष्टता"** भन्ने संगठनको नारालाई व्यवहारिक रूपमा रूपान्तरण गर्नु आम संगठकहरूको लक्ष्य वन्नु पर्दछ । निजामती सेवा ऐन/नियमावली अनुसार कतीवटा ट्रेड युनियन दर्ता र व्यावस्थापन हुन सक्छन् भन्ने प्रश्न आज यत्रतत्र उठेका छन् । ट्रेड युनियन आन्दोलन भित्र देखिएका अवसरवाद, अर्थवाद र अराजकतावाद जस्ता गलत चिन्तनहरूको नजिकबाट भण्डाफोर गर्नु आवश्यक छ । विभिन्न समिति/उपसमितिहरूमा ट्रेड युनियनको प्रतिनिधित्व हुनसकिरहेको छैन । तसर्थ ट्रेड युनियन आन्दोलनलाई व्यवस्थापन गर्न, ट्रेड युनियन प्रतिनिधित्पको सुनिश्चिता गर्न र वार्ता,संवाद,छलफल र सौदावाजीको लागि एउटा अधिकारिक निकाय निर्माण गर्न आधिकारिक ट्रेड युनियनको निर्वाचनको तत्काल माग गरी, निर्वाचन सम्पन्न गर्न सहयोग गर्ने र संगठनलाई भरोसा योग्य सर्वोत्कृष्ट ट्रेड युनियन वनाउने नीति संगठनको हुनुपर्दछ ।

**यसका लागि भएका कार्यहरू :**

- आधिकारीक ट्रेड युनियनको निर्वाचन माग गरिएको छ ।
- निर्वाचन निर्देशिका एवं निर्वाचन प्रणालीको वारेमा छलफल,वहस र निष्कर्षहरू अगाडि आएका छन् ।
- निजामती सेवा ऐन/नियमावली संसोधन पछि आधिकारिक ट्रेड युनियनको निर्वाचन गर्ने माग समेत आएका छन् ।
- सामान्य प्रशासन मन्त्रालयमा आधिकारिक ट्रेड युनियन निर्वाचन सम्बन्धमा छलफल शुरु भएको छ ।

**(८) <u>शहीद घोषणा</u>**

शहीद मनोज जोशी र झपेन्द्र कार्कीलाई शहीद घोषणा गर्ने संगठनको प्रारम्भिक चरणदेखिको माग र मुद्दालाई अझै पूर्णता दिन सकिएको छैन । संगठनले सञ्चालन गरेका कार्यक्रमहरूमा उपस्थित सबै राजनीतिक दलका प्रतिनिधि, प्रशासकहरूले शहीदप्रति सम्मान प्रकट गर्ने, संगठनले निरन्तर मागलाई आगाडि वढाउने कार्यले मात्र हामीले शहीद घोषणाको मागलाई पूर्णता प्रदान गर्न सकिदैन । यसका लागि आन्दोलनमा ठोस कार्यक्रम अगाडि वढाउन आवश्यक छ ।

- शहीद मनोज जोशी र झपेन्द्र कार्कीलाई राष्ट्रिय शहीद घोषणा गर्नका लागी संगठनको दवावको फलस्वरूप नेपाल सरकार गृह मन्त्रालयबाट प्रस्ताव तयार गरीएको छ । निष्कर्षको लागी थप दवाव श्रृजना गर्न आवश्यक छ ।

(९) **वैज्ञानिक चक्रीय प्रणाली निर्माणमा जोड दिने**:-

सरुवासंग सम्बन्धित गुनासो न्यूनीकरण गर्न, ट्रेड युनियनको भूमिकालाई सरुवामा सीमित नगरी एउटा व्यवस्थित र वैज्ञानिक सरुवा प्रणाली स्थापित गर्न आवश्यक छ । यसका लागि मापदण्डमा आधारित वैज्ञानिक सरुवा प्रणाली निर्माणमा जोड दिनु पर्दछ ।

- संगठनको दवावको फलस्वरूप सामान्य प्रशासन मन्त्रालयबाट सरुवा प्रणाली मापदण्डमा आधारित पूर्व अनुमानयोग्य निर्माण गर्नका लागी कार्यदल निर्माण भएको छ । गठित कार्यदलमा संगठनको तर्फबाट महासचिव मोहन कुमार घिमिरेलाई प्रतिनिधित्व गराइएको छ ।

(१०) **संघीयतामा सार्वजनिक प्रशासन सम्बन्धी वहस र छलफल**:-

मुलुकले व्यवस्थित ढङ्गले संघीयता तर्फ कदम बढायो भन्ने संघीयताको सार्वजनिक प्रशासन कस्तो होलारु भन्ने विषयमा व्यापक छलफल, वहस र निष्कर्षको आवश्यकता छ । हामीले अगाडि सारेको निचोड केन्द्रीय, प्रान्तीय र स्थानीय स्तरको प्रशासनिक संरचना निर्माण, योग्यता प्रणालीबाट कर्मचारी भर्ना गर्न केन्द्र र प्रान्तमा छुट्टा छुट्टै लोकसेवा आयोग गठन, सरकारले गर्नु पर्ने कामका लागि अनिर्वाय रूपमा स्थायी कर्मचारी लिने व्यवस्था गर्न , पेशाविद्, व्यवस्थापकीय र सहायक कर्मचारीको व्यवस्था, प्रान्तीय र केन्द्रीय गरी २ तहको न्यायिक व्यावस्था, सेना र ससस्त्र प्रहरी केन्द्रित हुने तर जनपद प्रहरी प्रान्तीय वन्ने व्यावस्था र हाल कार्यरत कर्मचारीलाई छनौटको अवसर, विद्यमान सेवा सुविधाहरूमा

कटौती नहुने ग्यारेण्टी, प्रान्त र स्थानीय सरकारमा जाँदा एक तह वढुवा स्थानीय सरकारसम्म ट्रेड युनियनको व्यावस्था जस्ता विषयलाई अगाडि सार्न आवश्यक छ ।

- संघियताको प्रशासन कस्तो वन्ने भन्ने विषयमा अर्न्तकृया र छलफल चलाइएको छ । २०७१ श्रावण १५ गते संगठनको तर्फबाट महासचिव मोहन कुमार घिमिरेले प्रस्तुत गर्नू भएको कार्यपत्र माथी प्रशासक, चुडामणी शर्मा, महेश्वर न्यौपाने, टेक वहादुर घिमिरेले टिप्पणी गर्नु भएको थियो जसवाट संगठनलाई थप सुझाव प्राप्त भएका छन् ।
- अंचल⁄ जिल्ला⁄ विभागीय प्रशिक्षण एवं अर्न्तकृयामा विषय वनाइएको छ ।
- संगठनको निष्कर्षलाई सुझावको रूपमा नेपाल सरकारलाई सुझाव प्रस्तुत गरिएको छ ।

(११) **सहकारी आन्दोलनमा जोडः-**

७५ जिल्लामा सहकारी स्थापना, सहकारी सञ्चालनमा एकरूपता, मुलुकभर स्थापना भएका सहकारीहरूको अन्तर सम्वन्ध (नेर्टवर्किङ्ग)संगठनको नियमित अनुगमन र टिपोर्टिङ्ग, संगठन र सहकारीको अन्तर सम्बन्ध निर्माण गर्दै एकीकृत लगानी अगाडि वढाउने तर्फ हाम्रो कार्यभार लक्षित हुनु पर्दछ ।

- डोल्पा र वैतडीमा राष्ट्रसेवक सहकारी स्थापना भई संगठनले संचालन गरेका सहकारीहरुको संख्या ६७ पुगेको छ ।
- राष्ट्रसेवक सहकारी संस्थाहरूमा साधारण सभा २०७०र २०७१ सालमा सम्पन्न भएका छन
- वार्षिक १० वटा राष्ट्रसेवक सहकारी संस्थाहरूको अनुगमन निरिक्षण गरिएको छ ।
- राष्ट्रसेवक सहकारी संस्थाहरूको तरलपुजि परिचालन तथा संगठन भित्रको सामाजिक सुरक्षाको लागी एकीकृत लगानी अध्ययन अगाडी वढाइएको छ ।

(१२) **पूर्व अनुमानयोग्य वढुवा प्रणालीमा जोड दिदै २४घ१ वढुवा व्यवस्थापन गर्ने** :-

संगठनको दवावको फलस्वरूप सम्माननीय राष्ट्रपति कहाँ पुगेको निजामती सेवा ऐनको संशोधन अध्यादेश तत्काल स्वीकृत गर्नका लागि दवावको कार्यक्रम अगाडि सार्न आवश्यक छ । निजामती सेवा ऐनको पछिल्लो संशोधनले ल्याएको कार्यसम्पादनमा आधारित वढुवा प्रणाली वढुवा सम्वन्धी विशेष व्यवस्था, २४घ१लाई जेष्ठतामा आधारित वढुवा प्रणाली कायम गर्दै पूर्ण समाधान तिर हाम्रो कार्यभार अगाडि वढ्नु पर्दछ ।

- नवौं राष्ट्रिय अधिवेशनको कार्यक्रम संचालन हुदै गर्दा निजामती सेवा ऐनको तेश्रो संशोधन मार्फत व्यवस्थापनको ढोका खुलेपछि २४घ१ वढुवा व्यवस्थापन संगठनको कुटनीतिक दवावको फलस्वरूप सम्पन्न भएको छ । प्रशासनीक नेतृत्वको मानसिकतामा रहेको कमजोरी एवं ऐनको गलत व्याख्याका कारण केहि समस्याहरू रहेका छन् । निजामती सेवा ऐनको पाँचौं संशोधन समेतबाट सबैखाले वढुवाका समस्या समाधान गरी पुर्व अनुमानयोग्य वैज्ञानिक वढुवा प्रणाली स्थापित गर्न हाम्रो ध्यान गएको छ ।

(१३) **भ्रष्टाचार विरोधी अभियान सञ्चालन गर्नेः-**

भ्रष्टाचार नियन्त्रणका लागि स्थापित निकायहरूको सहकार्यमा सचेतनामुलक कार्यक्रम सञ्चालन गर्दै, निरोधात्मक र उपचारात्मक उपायहरू अवलम्वन गर्ने कार्यमा जोडदिनु आवश्यक छ । यसका लागि संगठनले सूचकः Whistle Blowing को रूपमा कार्य गर्नु पर्ने हुन्छ । भ्रष्टाचारका सम्भाव्य क्षेत्रहरू Vulnerable zones मा संगठनले सघन अनुगमन गर्ने, भ्रष्टाचार विरुद्ध Zero Tolerance Policy अवलम्बन गर्ने, नेतृत्वकारी भूमिका (Leading Role),साझेदारी भूमिका (Collaborative Role),प्रतिनिधित्वमूलक भूमिका (Representative Role) निर्वाह गर्न जरुरी छ । Whistle Blower को रक्षा गर्न नेपाल सरकारसंग ठोस नीतिको माग गर्न जरुरी छ । संगठन आफैले यो भूमिका निर्वाह गर्न सकेमा संगठन प्रति जनताको भरोशामा बढोत्तरी हुने देखिन्छ ।

- भ्रष्टाचार न्यूनिकरणका लागी खवरदारी गर्ने, संगठनका सदस्यहरूले अन्य कर्मचारीहरू भन्दा उष्कृष्ट ढंगले सेवा प्रदान गर्ने अभियान संचालन गर्ने, सबै निकायहरूमा संगठनको तर्फबाट गुनासो सुनुवाई

पेटिका स्थापना गर्ने कार्य थालनी भएको छ ।

- भ्रष्टाचार नियन्त्रणका लागी नियमनकारी निकायका गतिविधि उपल्लो तह भन्दा तल्लो तहमा वढी भ्रष्टाचारी छन भन्ने ढंगले संचालन भएमा सुनियोजित ढंगले कर्मचारी फसाउने तौर तरिकाबाट गतिविधि संचालन भएको विषय प्रति संगठन गम्भिर वनेको छ ।

(१४) **नवप्रवेशीलाई आकर्षक गराउनेः-**
लक्ष्य सहितको संगठन विस्तारलाई जोड दिदै नवप्रवेशीहरूलाई संगठनप्रति आकर्षित गराउने योजना अगाडि सार्न आवश्यक छ । संगठनको प्रभाव जुन क्षेत्रमा कमजोर देखिएको छ, हामीले सोही क्षेत्रमा गति प्रदान गर्नु पर्ने हुन्छ । समावेशी क्षेत्रबाट आउनु भएका साथीहरू विशेष गरी दलित, जनजाति, मधेशी, अपाङ्ग, पिछडिएका क्षेत्र र महिलाका कामहरूलाई विशेष प्राथमिकता दिएर अगाडि वढ्नु पर्दछ । दुर्गम हिमाली जिल्ला, तराई मधेशका केही जिल्ला र सेवा सञ्चालन गर्ने केन्द्रीय निकायहरूमा लोकसेवाको पहिलो पोष्टिङ्ग हुने गर्दछ । हामीले त्यस्ता जिल्ला र निकायहरूमा संगठन प्रवेशको आकर्षण केन्द्र निर्माणका कार्यक्रम सञ्चालन गर्नु पर्दछ ।

- अतिरिक्त क्रियाकलापको माध्यमबाट संगठनप्रतिको आकर्षण वढाउने कार्यक्रम संचालन गरिएका छन् ।
- नयाँ नियुक्ति हुने कर्मचारीहरूलाई संगठनप्रति आकषर्ण वढाउने कार्यक्रम गर्ने गरिएको छ ।

(१५) **पद्धति निर्माण र आचरण कार्यशैली सुधारमा जोडः-** पद, प्रतिष्ठा र सुविधा जस्ता विषयवस्तुहरू विभेद, मतभेद र द्वन्द्वका कारक हुन् । यसको समाधानको उपायमा पद्धति निर्माण र कार्य संस्कृतिमा सुधार आदि हुन् । तसर्थ हाम्रो ध्यान पद्धति निर्माण गर्ने, कार्य संस्कृतिको सुरुवात आफैबाट गर्नेतर्फ केन्द्रित हुनु पर्दछ ।

- पद्धति निर्माणको शुरुवात आफुबाट हुनु पर्दछ भन्ने विषय प्रशिक्षण तथा छलफल अगाडी सारिएको छ

**(१६) शान्ति सुरक्षा र कार्यथलोको सुरक्षाको ग्यारेण्टीः-** निहत्था राष्ट्रसेवकहरूको जीवन र कार्यथलोको सुरक्षाको ग्यारेण्टी गर्ने विषय सरकार र सुरक्षाकर्मीको मात्र नभएर आम नागरिक र सेवाग्राहीको पनि हो । यस विषयलाई व्यापक रूपमा प्रचार प्रसार गर्न र खवरदारी गर्दै शान्ति सुरक्षाको ग्यारेण्टी गर्ने विषयलाई संगठनले कार्यक्रमिक रूपले अगाडि लैजान आवश्यक छ ।

- निरन्तर ढंगले अपहरण, कुटपिट, जवरजस्ती चन्दा असुली जस्ता घटनाहरूको विरोध र भण्डाफोर गरिएको छ ।
- सम्बन्धीत कर्मचारीको सुरक्षाको विषय सबै राजनितिक दलको दायित्व समेत भएको व्यहोरा अनुरोध गरिएको छ ।

(१७) **विज्ञ समूह निर्माणमा जोडः-** एउटा व्यक्ति सबै विषयको विज्ञ वन्न सक्दैन । अबको ट्रेड युनियन आन्दोलनको नेतृत्व गर्न धेरै विषयमा विज्ञता हासिल गर्नु आवश्यक छ । तसर्थ राजनीतिक, सामाजिक, आर्थिक,प्रशासनिक, ट्रेड युनियन आन्दोलन आदिका विषयमा धारणा अगाडि सार्नका लागि, गतिविधि अगाडि वढाउनका लागि संगठन भित्र विज्ञ समूह निर्माण गर्न आवश्यक छ ।

- विज्ञ समुह निर्माण मार्फत संगठन गर्ने कार्य निरन्तर रूपमा अगाडी बढेको छ ।
- सेवा परामर्श समितिहरूको पुर्णता गरी कामलाई अगाडी वढाउन आवश्यक देखिएको छ ।

(१८) **अवसरवादी, अर्थवादी, अराजकतावादी चिन्तनको भण्डाफोर गर्नेः-** सार्वजनिक प्रशासन तथा ट्रेड युनियन आन्दोलनभित्र देखिएका तीन**"अ"**प्रवृति (अवसरवाद, अर्थवाद, अराजकतावाद) हरूको नजिकबाट खबरदारी र भण्डाफोर गर्न आवश्यक छ ।

- ट्रेड युनियन प्रति लागेका आरोप र आग्रहहरूलाई न्युनिकरण गर्नका लागी संगठन निरन्तर कृयाशिल रहेको छ ।
- निजामती सेवाका ट्रेड युनियनहरूको आवश्यकता र औचित्यता माथी उठेका प्रश्नहरू प्रति हामी गम्भीर हुन आवश्यक छ ।

- ➢ प्रतिस्पर्धी ट्रेड युनियनहरूको गतिविधीप्रति गम्भीर ढंगले खवरदारी र निगरानी गर्न आवश्यक छ ।

(१९) **राजनीति र प्रशासन वीचको सीमा निर्दिष्ट गर्नेः-** मुलुकमा राजनीतिले प्रशासनलाई र प्रशासनले राजनीतिलाई पूर्णरूपमा भरोशा गर्न नसकेको, राजनीतिले प्रशासन माथि हस्तक्षेप गरिरहेको, प्रशासनले राजनीतिक हस्तक्षेप विना आफ्ना निर्णय अगाडि सार्न नसकिरहेको अवस्थाको मूल्याङ्कन गर्दै राजनीति र प्रशासनको सीमा रेखा निर्दिष्ट गर्ने योजनाका साथ संगठन अगाडि वढ्नु पर्दछ ।

(२०) **प्रतिस्पर्धी क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्नेः-** समाज सबै ढङ्गले प्रतिस्पर्धी वन्दै गईरहेको छ । संगठन सञ्चालनमा समेत धेरै खाले प्रतिस्पर्धाहरू थपिएका छन । नयाँ नयाँ प्रवधिसँग परिचित बन्ने, दक्षता विकास र व्यवस्थापकीय क्षमता विकास गर्ने, राष्ट्रिय/अन्तर्राष्ट्रिय ट्रेड युनियन आन्दोलनलाई विश्लेषण गर्ने, नविनतम सूचना प्रविधिलाई अंगिकार गर्दै सागठनिक कार्यमा छिटो छरितोपना भित्र्याउने, रचनात्मक तथा अतिरिक्त कृयाकलाप सञ्चालन गर्ने जस्ता क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालनतर्फ हाम्रो ध्यान जानु पर्दछ ।

(२१) **जनसरोकार सम्वन्धी खवरदारी गर्नेः-** महँगी, कृतिम अभाव, भ्रष्टाचार, अनियमितता, लोडसेडिङ्ग, सिण्डीकेट कार्टेलिङ्ग, खाद्यान्न अभाव, कृषिमल र विउविजनको अभाव, प्राकृतिक श्रोत साधनको अतिदोहन, शान्ति सुरक्षाको खस्कदो स्थिति, वातावरणीय विनास, खानेपानीको अभाव, पेट्रोलियम पदार्थको अभाव, अति महँगो शिक्षा, स्वस्थ्य, कृषिमा आधुनिकीकरण, मानवअधिकार, स्वतन्त्र न्यायालय, विधिको शासन, प्रेस स्वतन्त्रता आदि जस्ता जनसरोकारका विषय तथा स्थानीय समस्याका विषयमा जनसमुदायसँग मिलेर सहकार्य अभियान सञ्चालन गर्ने कार्यक्रमहरू तय गर्नु पर्दछ ।

(२२) **विदेश सम्वन्ध विस्तार** :

संगठनको विदेश सम्वन्ध विस्तारलाई अझै मजबुत बनाउनु आवश्यक छ । यसका लागि सम्वन्ध विस्तार भएका भाइचारा संस्थाहरूसँग निरन्तर सम्पर्क र ऐक्यवद्धता तथा अन्य नयाँ क्षेत्र पहिचानमा विशेष योजनका साथ ध्यान दिनु पर्दछ ।

- ➢ NEHAW को सम्मेलन दक्षिण अफ्रिकामा अध्यक्ष पुण्य प्रसाद ढकालले प्रतिनिधित्व गर्नु भएको छ ।
- ➢ PSTUF को सम्मेलन श्रीलंकामा महासचिव मोहन कुमार घिमिरेले प्रतिनिधित्व गर्नु भएको छ ।
- ➢ AISGEF को १२औं सम्मेलन भारतमा अध्यक्ष पुण्य प्रसाद ढकाल, उपाध्यक्ष इश्वरी प्रसाद ढकाल, केन्द्रीय सदस्य भुवन राई, मानवहादुर विष्ट, मेघदेव पन्त र लेखापरिक्षण आयोगका सदस्य सिताराम घिमिरेबाट प्रतिनिधित्व भएको छ ।
- ➢ TUI PUBLIC SERVICE को १२औं विश्व कंग्रेस नेपालमा मिति २०७१ फागुन १ र २ गते भव्यताका साथ सम्पन्न गरिएको छ । जसमा संगठनका अध्यक्ष पुण्य प्रसाद ढकाल एशिया प्यासिफिक क्षेत्रीय कमिटीको उपाध्यक्षमा निर्वाचित हुनु भएको छ ।

(२३) **सञ्चारमा प्रभावकारिता** :

एकाइसौं शताव्दि सूचना र आमसञ्चारको युग हो । राज्यको चौथो अङ्ग प्रेस जगतसंग घनिष्टता राखिएन भने अबको कुनै पनि संस्था टिक्न सक्दैन । आजको हरेक कामकारवाही पारदर्शी हुन जरुरी छ । हामीले गरेका प्रत्येक गतिविधि दुनियालाई जानकारी गराउनु पर्ने हुन्छ । यसले हामीलाई जनतासंग एकाकार भईरहन सहयोग पुग्दछ । हामी आफैले पनि अब कुनै आम सञ्चारको माध्यमबाट विशेष गरी टेलिभिजन मार्फत कार्यक्रम सञ्चालन गरी जनतासंग हाम्रो सामिप्यतालाई सघन बनाउनु जरुरी देखिएको छ । पत्रकार साथीहरूसंग मित्रतापूर्ण व्यवहार गर्दै सम्पूर्ण सञ्चार माध्यमसंग निकट मित्रता बनाएर हाम्रो समाचार सार्वजकि गर्नु अपरिहार्य छ । यसको लागि प्रचार प्रसारमा हाम्रा संगठकहरूलाई निपूर्ण बनाउनु अपरिहार्य देखिन्छ ।

संगठनका संरचना भित्र दोहोरो सञ्चार कायम गर्ने पद्धतिलाई संगठन कार्य संस्कृतिको रूपमा विकसित गरेर लैजान आवस्यक छ । हाम्रो संगठनले पाक्षिक/मासिकरूपले रेडियो/टेलीभिजनमा ट्रेड युनियन गतिविधि सम्वन्धी कार्यक्रम सञ्चालन गर्ने र संगठनले सम्पन्न गरेका कार्यहरूको प्रचार प्रसारमा प्रभावकारिता अपनाउनु आवश्यक छ ।

- Website www.negeo.org.np मार्फत संगठनका गतिविधि अगाडी सारिएको छ ।
- Negeo Notice Board १६१८०१४७८५८७७ मार्फत छोटा सुचना प्रवाह गरिएको छ ।
- समसामयिक विषयमा प्रेस विज्ञप्ती मार्फत संगठनको धारणा अगाडी सारिएको छ ।

**(२४) पेशागत महासंघ नेपालसँगको सम्बन्ध** :

संगठनको छाता संस्था पेशागत महासंघ नेपालसँगको सम्बन्धलाई अझ प्रगाढ र दरिलो बनाई जिल्ला, क्षेत्र, अञ्चल लगायतमा हाम्रो क्रियाशीलता र सहभागिता रहन आवश्यक छ । साथै पेशागत महासंघ नेपालको केन्द्रीय भवन निर्माण कार्यमा आ-आफ्नो क्षेत्रबाट सहयोग पुऱ्याई समयमै योजना सम्पन्न गर्ने कार्यमा लाग्न जरुरी छ ।

**अध्यक्षज्यू, परिषद् सदस्य तथा पर्वयवेक्षक मित्रहरू,**

अब म, यस कार्यकालमा सगठनद्वारा गरिएका केही महत्वपूर्ण कार्यहरूको चर्चा गर्न चाहन्छु ।

**संगठन रजत महोत्सव कार्यक्रम :**

संगठन स्थापनाको २५ वर्ष प्रवेशको अवसरमा सगठन रजत महोत्सव मनाउने क्रममा केन्द्रिय कार्य समितिको आयोजनामा २०७० वैशाख ७ गते नेकपा एमालेका तत्कालीन अध्यक्ष कमरेड झलनाथ खनालद्वारा राष्ट्रिय सभागृहमा स्वदेशी तथा विदेशी अतिथीहरुको सहभागीतामा बृहत ऱ्याली सहित बृहत कार्यक्रमका साथ संगठन स्थापना र बिकास गर्नमा योगदान पुऱ्याउने व्यक्तित्वहरूलाई सम्मान गरियो । साथै नेकपा एमालेका तत्कालीन वरिष्ठ नेता कमरेड के.पि.शर्मा ओलीज्यूबाट भवन निर्माण स्थलमा रजत महोत्सव स्तम्भ अनावरण गर्नुभयो । उक्त कार्यक्रममा करिव ३०० जना महानुभावहरुले आँखादान गर्नु भएको थियो भने सोही अवसरमा नेपाल सरकार सामान्य प्रशासन मन्त्री लालबाबु पण्डितज्यूको प्रमुख आतिथ्यतामा धोवी खोला सफाई अभियान थालनी गर्नुभयो । यसैक्रममा सिंहदरवार क्षेत्रभित्र फोहोर संकलनको लागि डष्टवीन स्थापना गरियो । यस अवसरमा जिल्ला/विभागीय कार्य समितिहरूले विभिन्न रचनात्मक कार्यक्रमहरु आ-आफ्नो ढंगले सम्पन्न गरेका छन ।

**शहिद स्मृति केन्द्रीय भवन निर्माण**

शहिद स्मृति केन्द्रीय भवन निर्माणको क्रम हाल तदारुकतका साथ अघि वढिरहेको छ । उक्त भवन दोश्रो तलाको ढलान भई तेश्रो तला ढलान गर्ने कार्य अगाडी वढि रहेको छ । निर्माण कार्यलाई तोकिएको समयमा सम्पन्न गर्नुपर्ने हाम्रो प्रमुख जिम्मेवारी रहेको छ । संगठनको भवन निर्माण कार्यलाई समयमै मूर्तरूप दिनको लागि आर्थिक पाटो धेरै महत्वपूर्ण रहेको छ । त्यसका लागि सबै संगठक मित्रहरूले समयमै आर्थिक दायित्व बहन गर्नुपर्ने देखिन्छ । साथै नेपाल सरकारसँग पनि आर्थिक सहयोगको लागि पहल गर्नुपर्ने देखिन्छ । संगठनको भवन निर्माण कार्यले व्यवस्थित सचिवालय संचालनमा सहयोग भने पुग्ने छ । केन्द्रीय भवन निर्माणका लागी अध्यक्ष श्री पुण्य प्रसाद ढकालको संयोजकत्वमा ३७६ सदस्यीय मूल व्यवस्थापन समिति र २९ सदस्यीय सचिवालय निर्माण गरिएको छ । आर्थिक परिचालनको अवस्था समेतको आधारमा वेसमेन्ट रहित भवन निर्माण गर्ने निर्णय भए वमोजिम काम अगाडी वढाईएको हो ।

**TUI Public Services 12th Congress- Nepal 2015**

विश्वका सार्वजनिक सेवामा कार्यरत पेशाकर्मीहरूको ट्रेड युनियन अन्तर्राष्ट्रिय पव्लिक सर्भिसेजको १२ कंग्रेस फागुन १ र २ गते काठमाडौमा भव्य रूपमा सम्पन भयो ।नीजिकरण र पुजिवादको विरोध गरौ, सर्व साधारण जनताका लागि सार्वजनिक सेवाको प्रत्याभुति गरौ (Aganist privatization andcapitalist refrom,public service for the people) भन्ने मुल नाराका साथ सम्पन्न सो सम्मेलनमा करिव ४० राष्ट्रका १७२ प्रतिनिधिहरूको सहभागिता थियो । यस कंग्रेसलाई भव्य रूपमा सम्पन्न गर्नमा नेपाल निजामती कर्मचारी सगठनको भुमिका महत्वपूर्ण रहयो । सम्मेलनको मुल आयोजकको रूपमा सगठनले आफ्नो जिम्वेवारी सफलतापुर्वक पुरा गरेको थियो भने सहआयोजकमा स्थानिय निकाय कर्मचारी संघ, सार्वजनिक संस्था कर्मचारी संगठन, राष्ट्रिय स्वास्थ्यकर्मी संघ नेपाल रहेका थिए । उक्त कग्रेसले नेपाल निजामती कर्मचारी संगठनलाई उपाध्यक्षको जिम्वेवारी प्रदान गरेको छ ।

**उपहार काक्रम**

**क. उपहार, २०७०**

संगठनको आर्थिक एवं अतिरिक्त कृयाकलाप अन्तर्गतको उपहार कार्यक्रम २०७० भव्यतापूर्वक सम्पन्न भएको छ । १ लाखप्रति उपहार रसिद छपाई गरी विक्रि वितरणको लागि पठाएकोमा ८१,६५० प्रति रसिद विक्रि भएका छन् । क्षेत्रगत रूपमा उपहार नतिजा प्रकाशन गर्ने नीति अनुसार यस वर्षको उपहार नतिजा प्रकाशन कास्की जिल्ला कार्य समितिको व्यवस्थापनमा गत असोज १९ सम्पन्न भएको छ ।

उपहार कार्यक्रम २०७० मा आ-आफ्ना क्षेत्रमा उत्कृष्ट प्राप्त गर्ने कार्य समिति यस प्रकार छन् ।

| जिल्ला/विभागीय कार्य समिति | क्षेत्र | विक्री संख्या (प्रति) | जिल्ला/विभागीय कार्य समिति | क्षेत्र | विक्री संख्या (प्रति) |
|---|---|---|---|---|---|
| कास्की जिल्ला | मुलुकभरबाट प्रथम | ५४५० | मोरङ्ग जिल्ला | पूर्वाञ्चल प्रथम | ४४०० |
| पर्सा जिल्ला | मध्यमाञ्चल प्रथम | २४२५ | रूपन्देही जिल्ला | पश्चिमाञ्चल प्रथम | २०२५ |
| बाँके जिल्ला | मध्य पश्चिमाञ्चल | १७९२ | कञ्चनपुर जिल्ला | सुदुर पश्चिमाञ्चल | १७०० |
| अर्थ विभागीय | उपत्यका प्रथम | २१०० | मुस्ताङ्ग जिल्ला | हिमाली क्षेत्रबाट | ८२५ |
| सोलुखुम्बु जिल्ला | हिमाली क्षेत्रबाट | ६०० | जुम्ला जिल्ला | हिमाली क्षेत्रबाट | ७२७ |
| इलाम जिल्ला | पहाडी जिल्ला | १२०० | धनकुटा जिल्ला | पहाडी क्षेत्रबाट | १२०० |
| काभ्रे जिल्ला | पहाडी क्षेत्रबाट | १००० | स्याङ्गजा जिल्ला | पहाडी क्षेत्रबाट | १००० |
| बाग्लुङ्ग जिल्ला | पहाडी क्षेत्रबाट | १००० | | | |

**ख. उपहार कार्यक्रम, २०७१**

१ लाख प्रति उपहार रसिद छपाई भएकोमा ७२,५५५ प्रति विक्रि भएको थियो । उपहार कार्यक्रममा प्रथम पुरस्कार : मोटरसाईकल १५० सि.सि.–५६८४९ वाणिज्य विभाग (गणेश खकुरेल, ढुंगे अड्डा काठमाण्डौं, दोस्रो पुरस्कारःल्यापटप ( ५७८४६ उद्योग मन्त्रालय, कर्ण बहादुर महर्जन र ४५१६८ काभ्रे, तेस्रो पुरस्कार : एल.सि.डि. २१ इन्चको (८५१६९ गृह मन्त्रालय (डल्ली, स्यूचाटार), १०६३७ प्रदिप कुमार भट्ट, कैलाली र ९६८७५ शिक्षा मन्त्रालय (नृपध्वज मगर) ले प्राप्त गर्नु भएको थियो । उपहार कार्यक्रम नतिजा प्रकाशन काठमाडौमा सम्पन्न भएको थियो । उपहार रसिद विक्रीका आधारमा निम्न जिल्ला विभागीय कार्य समिति पुरस्कृत भएका थिए ।

**उपहार कार्यक्रम २०७१ मा आ-आफ्ना क्षेत्रमा उत्कृष्ट प्राप्त गर्ने कार्य समितिहरू**

| जिल्ला/विभागीय कार्य समिति | क्षेत्र | विक्री संख्या (प्रति) | जिल्ला/विभागीय कार्य समिति | क्षेत्र | विक्री संख्या (प्रति) |
|---|---|---|---|---|---|
| झापा जिल्ला | मुलुकभरबाट प्रथम | २५०० | जुम्ला जिल्ला | हिमाली क्षेत्रबाट | ७०० |
| सुनसरी जिल्ला | पूर्वाञ्चल | २३०० | संखुवासभा जिल्ला | हिमाली क्षेत्रबाट | ५५० |
| मकवानपुर जिल्ला | मध्यमाञ्चल | २१०० | इलाम जिल्ला | पहाडी जिल्ला | १२५० |
| कास्की जिल्ला | पश्चिमाञ्चल | २००० | धनकुटा जिल्ला | पहाडी क्षेत्रबाट | १००० |
| बाँके जिल्ला | मध्य पश्चिमाञ्चल | १०३५ | काभ्रे जिल्ला | पहाडी क्षेत्रबाट | १००० |
| कैलाली जिल्ला | सुदुर पश्चिमाञ्चल | १०२५ | स्याङ्गजा जिल्ला | पहाडी क्षेत्रबाट | १००० |
| उद्योग विभागीय | उपत्यका | २१०० | बाग्लुङ्ग जिल्ला | पहाडी क्षेत्रबाट | १००० |
| दोलखा जिल्ला | हिमाली क्षेत्रबाट | १००० | | | |

उपहार कार्यक्रम संचालन विधि २०७२ साल देखीनै केहि संसोधन र परिवर्तन गर्न र यसै केन्द्रीय परिषद्वाट छलफल र सुझाव सहित पारित गरि कर्यान्वयनमा लैजान आवश्यक छ ।

**नयाँ सविधान निर्माणका लागि दवाव र्‍याली**

तोकिएको समयसीमा माघ ८ मा संविधान जारीको माग राखी संगठन ट्रेड युनियन दर्ता दिवशको अवसर पारी

२०७१ पौष १८ गते केन्द्रीय कार्यसमितिद्वारा भव्य रूपमा ऱ्याली आयोजना गरियो ।सो रयालीमा ३००० भन्दा वढी संगठकको सहभागीता रहेको थियो । उक्त दवाव ऱ्याली ववरमहलबाट थालनी भई संविधानसभाका सम्माननीय अध्यक्ष सुवासचन्द्र नेम्बाङ्ग समक्ष ज्ञापनपत्र प्रस्तुत गरी सम्पन्न भएको । सो ऱ्यालीमा उपत्यका भित्रका संगठक, सुभचिन्तक, नागरिक समाज, पत्रकारहरूको उल्लेख्य उपस्थिति थियो । सम्पूर्ण जिल्ला कार्यसमितिहरूले ऱ्याली सहित प्रमुख जिल्ला अधिकारी मार्फत ज्ञानपपत्र प्रस्तुत गर्ने कार्य सम्पन्न भयो । सम्पन्न कार्यक्रमले संगठन जनसरोकारको विषय वस्तुप्रति सचेत छ भन्ने पुष्टी गरेको छ ।

**शाखा अधिकृत तयारी कक्षा संचालन**

संगठनको शाखको रूपमा रहेको शाखा अधिकृत लोकसेवा तयारी कक्षा यो वर्ष पनि संचालन गरियो । संगठनका उपाध्यक्ष लेखनाथ कोइरालाको संयोजकत्वमा सचिव ललीक बहादुर महर्जन, केन्द्रीय सदस्यहरु चित्राङ्गत बराल र शान्ति प्रसाद लुईटेल र कार्यालय सहायक सुरेश कुमार पोखरेल सदस्य रहेको समितिले दरवार हाईस्कुल, रानी पोखरी, काठमाडौंमा २ वटा कक्षाहरु संचालन भएका छन् । १४० जना प्रशिक्षार्थी सहभागी भएकोमा कोचिङ्ग कक्षाको अन्त्यमा नमूना परिक्षा समेत संचालन गरियो । उक्त कोचिङ्गमा प्रशासन क्षेत्रका विज्ञ र अनुभवी प्रशिक्षकबाट कक्षा सञ्चालन गरिएको थियो । यसलाई आगामी वर्षमा अझ प्रभावकारी वनाउन आवश्यक छ । तयारी कक्षाको आर्थिक पक्ष कोषाध्यक्षद्वारा प्रस्तुत हुने प्रतिवेदनबाट जानकारी हुनेछ । यस अवधिमा विभिन्न जिल्ला/विभागीय कार्य समितिहरुले समेत तयारी कक्षा संचालन गरेका छन् ।

**प्रशिक्षण कार्यक्रम सम्पन्न**

संगठनको कार्य योजना अन्तर्गत प्रशिक्षण एवं परिषद् कार्यक्रम एउटा महत्वपूर्ण पक्ष हो । यो कार्यक्रमले संगठनलाई विस्तार र उर्जाशील बनाउनका साथै संगठन संचालन पद्धतीलाई सकारात्मक बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । यस अवधिमा केन्द्रीय प्रशिक्षक प्रशिक्षण कार्यक्रम एक पटक, प्रशिक्षक संगठकहरुका लागी त्इत एक पटक सम्पन्न भएका छन् । अंचल प्रशिक्षक प्रशिक्षण कार्यक्रम मेची, कोशी, सगरमाथा तल्लो, माथिल्लो, जनकपुर, नारायणी, वाग्मती पुर्व, पश्चिम, गण्डकी , धौलागिरी, लुम्विनी, भेरी, राप्ती, सेती तल्लो, माथिल्लो महाकाली तल्लो, माथिल्लो कर्णाली माथिल्लो, र उपत्यकाका पाँचै अंचलहरुमा प्रशिक्षण कार्यक्रम सम्पन्न भएका छन् । तल्लो कर्णालीको अंचल प्रशिक्षण कार्यक्रम व्यवस्थापन गर्न वाँकी रहेको छ

**जिल्ला/विभागीय परिषद् तथा प्रशिक्षण कार्यक्रम**

सवै जिल्ला परिषद् कार्यक्रम सम्पन्न भएका छन् ।  केन्द्रीय परिषद् पछि वाँकी रहेका जिल्ला प्रशिक्षण कार्यक्रमहरु व्यवस्थापन गरेर जानु पर्ने छ । यस अवधिमा सम्पन्न भएका जिल्ला/ विभागीय प्रशिक्षण तथा परिषद् कार्यक्रमहरुवाट संगठनका संरचनाहरुको पुर्णता संगठनका गतिविधिहरुको क्रियाशिलता र केन्द्रीय कार्यसमितिलाई महत्वपुर्ण सुझावहरु प्राप्त भएका छन ।

**सहकारी सम्वन्धमा**

संगठनका सदस्यहरुलाई सामान्य घर खर्च चलाउने उद्येश्यका साथ स्थापना भएका राष्ट्रसेवक सहकारी संस्थाहरु हाल संगठनको मेरुदण्डको रुपमा रहेका छन् । नवौं राष्ट्रिय अधिवेशन सम्म ६५ जिल्लामा सहकारी संस्थाहरु स्थापना भएकोमा यस अवधिमा डोल्पा र वैतडी जिल्ला थप दर्ता भई जम्मा ६७ जिल्लामा सहकारी संस्थाहरु सञ्चालनमा रहेका छन् । संगठन केन्द्रिय कार्य समिति केन्द्रीय सहकारी विभागले हरेक वर्ष १० वटा सहकारी संस्थाहरु अनुगमन गर्ने नीति लिएको छ । यस अवधिमा सप्तरी, संखुवासभा, चितवन, धादिङ्ग, म्याग्दी, कपिलवस्तु, दाङ्ग, दैलेख, कैलाली, डोटी, सोलुखुम्वु, तेह्रथुम, नुवाकोट, धनुषा, जाजरकोट, सल्यान, गुल्मी, लमजुङ्ग, बझाङ र अछाम जिल्लाका सहकारीहरु अनुगमनको लागि छनौट गरीएकोमा संखुवासभा, म्याग्दी, कपिलवस्तु, दाङ, दैलेख, कैलाली, डोटी र बझाङ्ग जिल्लाका सहकारीहरु अनुगमन भई प्रतिवेदनहरु प्राप्त भएका छन् । अनुगमनलाई प्रभावकारी बनाउन छलफल गर्न आवस्यक छ । दर्ता बाँकी रहेका ८ जिल्लाहरुमा समस्या तथा चुनौतीहरु देखिएका कारण थप गर्ने विषयमा छलफल गर्न आवस्यक देखिन्छ ।

सबै राष्ट्रसेवक सहकारी संस्थालाई सहकारी बैंकको सेयर खरिदको लागि निर्देशन गरिएको छ । जिल्ला संघ, केन्द्रीय संघ, केन्द्रिय सहकारी बैंकमा प्रतिनिधित्व गर्दै निजामती कर्मचारीहरुले संचालन गरेका राष्ट्रसेवक सहकारी संस्थाहरुमा देखिएका समस्या समाधानको लागि हस्तक्षेपकारी भुमिका निर्वाह गर्न आवस्यक छ ।

यस अवधिमा सम्पन्न भएका क्षेत्रीय भेला तथा जिल्लाका साधारण सभाहरुले तेस्रो राष्ट्रिय भेलाले निकालेका निश्कर्षहरु बमोजिम संयुक्त लगानीका क्षेत्रहरु पहिचान गर्न सुझाव गरेका छन् । कूल १ अर्व १० करोडको हाराहारीमा सम्पत्ति तथा दायित्व रहेका ६७ वटा सहकारीहरुको आगामी दिनको लगानीको क्षेत्र पहिचान सहितको चौथो राष्ट्रिय भेला सम्पन्न गर्न आवस्यक छ ।

**प्रकाशन सम्वन्धमा**

संगठनलाई आम कर्मचारी र जनतासम्म पुऱ्याउने महत्वपूर्ण माध्यम संगठनका विभिन्न प्रकाशन सामाग्री हुन । यस अवधिमा विगतमा आम संगठकबाट रुचाईएको **"संगठन सम्पक डायरी, २०७१"** ५००० (पाँचहजार) प्रति छपाई गरी प्रकाशन गरियो । संगठनको नियमित प्रकाशन नेगो वुलेटिन अकंहरू प्रकाशन भएका छन । निजामती प्रशासनसँग सम्वन्धित पुस्तक **"राष्ट्रसेवक दर्पण"** प्रकाशन भई आम सगठकको हातमा पुगेको छ । संगठन रजत महोत्सव सन्दर्भमा विभिन्न जिल्ला/ विभागीय कार्य समितिहरूले विभिन्न प्रकाशन कार्य गरेको छ । मोरङ्ग, सुनसरी, धनकुटा, उदयपुर, दोलखा, वाँके, गृह, शिक्षा, पर्यटन, म.ले.प.र अर्थ जिल्ला विभागीय कार्यसमितिहरुले प्रकाशन व्यवस्थापन गरेका छन् । सवै जिल्ला/ विभागीय कार्यसमिति मार्फत प्रकाशनको कार्ययोजना अगाडी सार्न आवश्यक छ ।

**निजामती सेवा दिवस :**

निजामती सेवा दिवस सम्पन्न गर्नका लागी मुख्य सचिव श्री लीलामणि पौड्यालको संयोजकत्वमा गठित मूल व्यवस्थापन समिति र मातहतका समिति/उपसमितिहरूमा केन्द्रीय सचिवालयका पदाधिकारीको महत्वपूर्ण सहभागिता र उपस्थिति रहँदा रहदै आएको छ । निजामती कर्मचारीहरूको सम्मान र गौरवको रूपमा यस दिवसलाई सम्पन्न गर्नु पर्दछ  भन्ने हाम्रो मान्यता र कृयाशिलतालाई प्रशासकीय नेतृत्वको ट्रेड युनियनलाई नजर अन्दाज गर्ने प्रवृतिका कारण केहि समस्या देखिएको भएता पनि केन्द्र तथा जिल्लास्तरमा संगठनको औचित्यपुर्ण उपस्थिति रहेको छ । निजामती सेवा दिवशमा संगठनको तर्फवाट तपसिल अगुवा संगठक सिफारिस भई सम्मानीत हुनु भएको छ ।

| २०७० | २०७१ |
|---|---|
| १ श्री वुदर रावत सप्तरी | १. स्व. मुरारी भट्टराई पुर्व अध्यक्ष |
| २. श्री नरवहादुर वोहोरा कैलाली | २. श्री शालिकराम कट्टेल काठमाडौ |

**तलव, भत्ता तथा अन्य सुविधा सम्वन्धमा :**

बजेटमा निजामती कर्मचारीहरुको तलव, भत्ता तथा अन्य सुविधा विषयक अन्तर्क्रिया कार्यक्रमहरु सम्पन्न गरिएको छ । संगठनको तर्फबाट कार्यपत्र प्रस्तुत गर्दै विज्ञहरुद्वारा टिप्पणी गरिएको कार्यक्रमले संगठनलाई धारणा निर्माण गर्न सहयोग पुगेको छ । वजेटमा कर्मचारीको तलव भत्ता सम्बन्धी हाम्रो धारणा यस प्रकार छ ।

- निजामती कर्मचारीको तलब, भत्ता तथा अन्य सुविधालाई अन्य पेसाकर्मीहरुको तलव, भत्तासँग छुट्याउनु पर्ने ।
- निजामती क्षेत्रको आधारभूत तह (कार्यालय सहयोगी) को तलब स्केल रु. २५,०००।- (बीस हजार) बाट शुरु गरी १ : ५ को अनुपातमा नबढाई पद सोपानको आधारमा निर्धारण हुनुपर्ने ।
- एक दिनको तलव बराबरको वार्षिक ग्रेड रकम प्रदान गर्नुपर्ने ।
- पोसाक भत्ता वापत सबै निजामती कर्मचारीलाई वार्षिक रु. १५,०००।- (पन्ध्र हजार) उपलब्ध गराउनु पर्ने ।
- आवास, परिवहन, सन्तती छात्रबृत्ति प्रदान गर्ने, यसरी सामाजिक सुरक्षा सम्वन्धी भत्ता प्रदान गर्दा स्थानीय स्तरको आवश्यकताको आधारमा मापदण्ड तयार गरी लागू गर्नुपर्ने । (संगठन समेत सदस्य रहेको उच्चस्तरीय तलब आयोग, ०६१ को प्रतिवेदन अनुसार) ।
- स्थानीय र दुर्गम भत्ता वैज्ञानिक ढंगले पुनरावलोकन गर्नुपर्ने ।

- १८० दिन भन्दा बढीको संचित विदा वापतको रकम प्रत्येक वर्ष प्रदान गर्नुपर्ने ।
- कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणाली सबै निकायमा लागू गर्नुपर्ने ।
- वर्तमान तलवमानमा रहेको असमानता र खप्टिने अवस्थालाई पद सोपानका आधारमा तत्काल मिलाउनु पर्ने ।
- आन्तरिक पर्यटन प्रवर्द्धनलाई प्रोत्साहन एवं टेवा पुऱ्याउने मूल उद्देश्यका साथ कर्मचारीहरुको कार्य सम्पादनमा चुस्तता, उत्प्रेरणा एवं पुनर्ताजकीका साथै भौगोलिक जानकारी गराउनका लागि दैनिक भ्रमण भत्ता उपलव्ध गराई वार्षिक १५ (पन्ध्र) दिनको विदा सहित भ्रमण प्याकेज उपलब्ध गराउनु पर्ने ।
- स्वास्थ्य वीमा योजना कार्यान्वयन गरिनु पर्ने ।
- हालको जीवन वीमाको विमांकनमा शत् प्रतिशत थप गरी कम्तीमा २० वर्षसम्मको प्रिमियम वापत रु. ५ लाख प्राप्त हुने व्यवस्था हुनुपर्ने ।
- कर्मचारी वा निजको परिवारको सदस्यले उच्च शिक्षा अध्ययन गर्न चाहेमा सहुलियत व्याजदरमा शैक्षिक ऋणको व्यवस्था हुनुपर्ने ।
- कर्मचारीका दुई जनासम्म सन्ततिलाई अध्ययनको लागि शैक्षिक भत्ताको व्यवस्था गरिनु पर्ने ।
- असाध्य रोगको पुनः परिभाषित गरी निजामती सेवा ऐनको परिवारको परिभाषामा पर्ने सबै सदस्यहरुलाई उपचारको व्यवस्था गरिनु पर्ने ।

**<u>राहत विरतण कार्यक्रम</u>**

**(क) केन्द्रीय विपद् राहत कोष स्थापना**

**"जनतासँग संगठन कार्यक्रम"** लाई प्रभावकारी बनाउने उद्देश्यबाट राहत संकलन र वितरण गर्ने कार्य सम्पन्न भएको छ । मनसुनको शुरुवातसँगै मुलूकभर आएको वाढी पहिरोबाट विस्थापित आमनागरिकहरूलाई राहत पुऱ्याउने उद्देश्यले केन्द्रीय विपद् राहत कोष स्थापना गरिएको छ । केन्द्रीय कार्य समितिको तर्फबाट रु. १०,०००।- जम्मा गरी शुरु गरिएको कोषमा धेरै जिल्ला/विभागीय कार्य समितिद्वारा रकम जम्मा गर्नु भएको छ । केन्द्रीय विपद् राहत कोषबाट प्रथम चरणमा दार्चुला जिल्ला कार्य समिति मार्फत दार्चुलाका बाढीपिडितहरूका लागि रु. २ लाख उपलब्ध गराइएको छ । यस अवधीमा दार्चुला, संखुवासभा, सिन्धुपाल्चोक,सुर्खेत र वर्दियामा वाढी पिडीतलाई राहत पुऱ्याउने कार्यमा केन्द्रीय तथा जिल्ला विभागीय कार्य समितिहरूको सक्रियतामा भौतिक तथा आर्थिक सहयोग पुऱ्याउने कार्य भएको छ । सेतो छडी वितरण कार्यक्रम, स्वास्थ्यशिवीर ,शितलहर पिडितलाई कम्वल तथा पोशाक वितरण, औषधी फलफुल,ह्विलचियर वितरण कार्यक्रम जिल्ला/विभागीय कार्यसमितिहरुले सम्पन्न गरेका छन् । कोषलाई नियमितता दिँदै नेपाल निजामती कर्मचारी संगठनको आम नागरिकप्रतिको दायित्व समाजमा स्थापित गर्ने कार्यलाई निरन्तरता दिन आवश्यक छ ।

**(ख) कपडा वितरण कार्यक्रमः** २०६५ भाद्र २० गते सरकारले औपचारिक रुपमा मुक्त गरेता पनि व्यवस्थापन गर्न नसक्दा साहुको टहरो, पाल र छाप्रोमा जीवन विताउन वाध्य मुक्त हलिया परिवारका लागि केन्द्रीय महिला विभागको व्यवस्थापनमा सुदुरपश्चिमाञ्चल क्षेत्रका मुक्त हलिया शितलहर पिडितलाई कम्वल तथा पोशाक वितरण कार्यक्रम सम्पन्न भएको छ । संगठनले सम्पन्न गरेको कार्यले त्यस क्षेत्रको जनसमुदायमा संगठन स्थापित भएको छ । यस कार्यमा संगठक मित्र एवं जिल्ला/विभागीय कार्य समितिहरुबाट समेत सहयोग प्राप्त भएका छन् ।

**<u>शहीद मनोज-झपेन्द्र स्मृति दिवशः</u>**

शहीद मनोज-झपेन्द्र स्मृति दिवशका सन्दर्भमा संगठनका सवै संयन्त्रहरु विविध कार्यक्रमहरुका साथ क्रियाशिल भएका छन् । केन्द्रीय कार्यसमितका तर्फवाट अन्तर जिल्ला/विभागीय हाजिरी जवाफ प्रतियोगिता, रक्तदान, अर्न्तरक्रिया तथा शहीद स्मृति सभा, उत्कृष्ट जिल्ला/ विभागीय कार्य समितिहरुको घोषणा र सम्मान लगायतका कार्यक्रम सम्पन्न भएका छन् भने जिल्ला/विभागीय कार्यसमितिहरुको तर्फवाट रक्तदान, शहीद

स्मृतिसभा, हाजीरीजवाफ प्रतियोगिता, अस्पतालका विरामीहरुलाई औषधि, फलफूल वितरण, सरसफाई तथा वृक्षारोपण, डष्टपीन वितरण, सेतो छडी वितरण, वालवालिका तथा वृद्ध वृद्धालाई भोजन तथा पोशाक वितरण जस्ता अतिरिक्त गतिविधिहरु जस्ता कार्यक्रमहरु सम्पन्न भएका छन् । सगठनका मातहत कमिटीहरूलाई क्रियासील वनाउने उदेस्यका साथ थालनी गरिएको जिल्ला विभागीय कार्य समीतीहरूलाई पुरस्कृत गर्ने कार्यलाई यस अवधिमा पनि निरन्तरता दिईयो । सहिद मनोज-झपेन्द्र स्मृति दिवस २०७० र २०७१ को अवसर पारेर निम्न जिल्ला/विभागीय कार्य समिति पुरस्कृत भएका छन् :

| २०७० सालको उत्कृष्ट | २०७१ सालको उत्कृष्ट |
|---|---|
| ओखलढुंगा, ललितपुर, बाग्लुङ, बर्दिया, कञ्चनपुर, कृषि बिभागीय र अर्थ विभागीय | ताप्लेजुङ, काभ्रेपलाञ्चोक, पाल्पा, बाँके, कैलाली, सिँचाइ विभागीय र स्वास्थ्य तथा जनसंख्या विभागीय |

शहीद मनोज-झपेन्द्र स्मृति दिवस २०६९ देखि एउटा कार्य समितिलाई सर्वोत्कृष्ट कार्य समितिको रूपमा घोषणा गर्ने नीतिगत निर्णय लिइएको छ । पुरस्कृत कार्य समितिको छनौट प्रक्रियालाई अझै बढी बस्तुगत सूचकांकहरूको निर्माण गर्न आवश्यक छ ।

**वनभोज कार्यक्रम**

अतिरिक्त क्रियाकलापको माध्यमबाट संगठन विस्तारको अभिन्न अंग बनेको बनभोज कार्यक्रमहरू केन्द्रीय कार्यसमिति तथा विभिन्न जिल्ला/विभागीय कार्य समितिहरूले सम्पन्न गरेका छन् । केन्द्रीय कार्यक्रमको रूपमा संगठन उपत्यका क्षेत्रीय समन्वय समितिको व्यवस्थापनमा बनभोज कार्यक्रमहरू भव्यतापूर्वक सम्पन्न भएका छन् । बनभोज कार्यक्रमहरूलाई संगठनको अतिरिक्त क्रियाकलापको रूपमा उपयुक्त समय र व्यवस्थापनमा संचालन गरी संगठनप्रति आम कर्मचारी सदस्यहरूको आकर्षण बृद्धि गर्ने कार्ययोजना सबै कार्य समितिहरूले अगाडि ल्याउनु आवश्यक छ । धेरै जिल्ला/ विभागीय कार्यसमितिहरुले वनभोज कार्यक्रम सम्पन्न गरेका छन् ।

**२४(घ)१ वढुवा व्यवस्थापन सम्बन्धमा**

संगठनको दवावको फलस्वरूप संशोधन भएको निजामती सेवा ऐनको संसोधन मार्फत २४(घ)१ वढुवा व्यवस्थापन गर्नका लागि सचिवालयको निर्णयानुसार अध्यक्ष श्री पुण्य प्रसाद ढकाल, वरिष्ठ उपाध्यक्ष श्री केदार प्रसाद देवकोटा र महासचिव श्री मोहन कुमार घिमिरेलाई जिम्मेवारी प्रदान गरेपछि संगठनको दवाव स्वरूप सबै मन्त्रालय, सचिवालय आयोग र विभागहरूको दरवन्दी श्रृजना गरियो । पदाधिकारीहरूको कार्यक्षेत्र अनुरूप पदस्थापना गर्ने विषयमा अन्तर ट्रेड युनियन संजालमा छलफल गरिएको भएपनि योग्यताक्रमबाटनै पदस्थापना गरिंदा उपयुक्त हुने निष्कर्ष संगठनले निकालेपछि सोही अनुरूप पदस्थापनमा खवरदारी गरिएको थियो । व्यवस्थापन करिव अन्तिम चरणमा पुगेको छ । स्थानिय विकास मन्त्रालयमा कार्यरत कर्मचारीहरुलाई नयाँ नगरपालिका घोषणा सगै गैर्कानूनी फाजिलमा पारिएको छ । पदस्थापना गर्न वाकी कर्मचारीको पदस्थापना गर्ने स्थान अभाव देखिएको छ । अन्तर मन्त्रालय सरुवा नगर्ने तर मन्त्रालय अर्न्तरगत सहमती प्रदान गरि रहने सामान्य प्रशासन मन्त्रालयको गलत ढंगको ऐन व्याख्या समस्याको रुपमा रहेको छ । संगठन सवै समस्याहरुको स्थायी र दिर्घकालिन समस्या समाधानका लागी प्रयाशरत छ ।

**स्वास्थ्य सेवा सम्वन्धमा :-**

स्वास्थ्य क्षेत्रका समसामयिक समस्याका वारेमा छलफल गर्न पहिलो चरणमा स्वास्थ्य क्षेत्रमा क्रियाशिल सवै संगठनका अध्यक्ष तथा पदाधिकारीसग र दोश्रो चरणमा पेशागत महासंघसग आवद्ध स्वास्थ्य क्षेत्रका ट्रेड युनियन तथा पेशागत संगठनलाई आमन्त्रण गरि छलफल र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा सुझाव पेश गरिएको छ । हाल भईरहेको स्वास्थ्यकर्मीहरुको स्तरवृद्धि पछिको पदस्थापना आंशिकरुपमा मात्र समाधान भएको ठहर गर्दै पुन:जिम्मेवारी सहितको पदस्थापनाका लागी सुझाव तथा दवाव श्रृजना गरिएको छ ।

**निजामती सेवा ऐन/नियमावलीको संशोधन :-** निजामती सेवा ऐनको चौथो संशोधन संसदमा पेश भएको

अवस्था छ, संसोधनका विषयहरु उपयुक्त भएता पनि संगठनले उठान गरेका सवै विषय समावेश हुन सकेनन् । हाल छलफलकै क्रममा रहेको निजामती सेवा ऐन पाँचौं संशोधन सम्वन्धमा संगठन चनाखो भएर लागेको छ । ना.सु.बाट आन्तरिक प्रतियोगिता हटाइएको विषयमा संगठनको सक्रीयतामा सर्वोञ्च अदालतमा मुद्दा दायर गरिएकोमा उत्त मुद्दा हाल विचाराधिन रहेको छ । सरुवामा क्षेत्र लाग्ने क्षेत्रिय तथा अंचल वन्देजको विषय,सरुवालाई व्यवस्थित वनाउने, अवकासमा उमेरको हद,नोकरी सधै जोड्न पाउनु पर्ने विषय, विविध समुहलाई व्यवस्थापनको विषय, ऐनको दफा ७ संशोधन गरि वढुवा प्रणाली वैज्ञानिक र पुर्वअनुमानयोग्य वनाउनु पर्ने विषय लगायतका विषयमा सगठनले छलफल र वहसलाई अझ घनिभुत वनाउन आवस्यक देखिन्छ ।

**कार्यालय व्यवस्थापन तथा संस्थागत सुशासन सम्बन्धमा**

नेपाल निजामती कर्मचारी संगठन, केन्द्रीय कार्यालय भवन निर्माण नभएसम्मका लागि विजुलीबजारस्थित भाडाको घरबाट केन्द्रीय कार्यालय संचालन गरिएको छ । केन्द्रीय सचिवालय आधुनिक सुविधा सम्पन्न हुन नसकेपनि टेलिफोन, फ्याक्स, इमेल, इन्टरनेट सुविधा सहितका कम्प्युटर लगायतका उपकरण, उपलब्ध गराईएको छ । यस संगठनको माग बमोजिम नेपाल सरकारद्वारा उपलब्ध गराईएको पूर्णकालीन सुविधा अनुसार उपाध्यक्ष सिन्धु पाण्डे, महासचिव मोहन कुमार घिमिरे, सचिव भवानी दाहाल, लेखा परिक्षण आयोग सदस्य सिताराम घिमिरे र पूर्व अध्यक्ष एवं सल्लाहकार गणेश वस्याललाई ट्रेड युनियन काजको व्यवस्था गरिएको छ । संगठनको वेव साइट www.negeo.org.np र छोटा छोटा सूचना प्रवाहको लागि NEGEO Notice Board Service सेवा शुरु गरिएको छ । यस मार्फत संगठनका सूचना र सन्देशहरू प्रवाहमा प्रभावकारिता भएको पाईएको छ । हाम्रो NEGEO Notice Board Service को नम्बर **१६१८०१४७८५८७७** रहेको छ । यसलाई दैनिक अपडेट गर्ने तथा सबै संगठकहरूलाई सन्देश मार्फत सु-सूचित हुने वातावरण निर्माण गर्नुपर्ने देखिन्छ ।

साथै केन्द्रीय पदाधिकारी र सदस्यहरूलाई संगठनका सूचनाहरु इमेल मार्फत समेत पठाउने व्यवस्था मिलाईएको छ । सिमित स्रोत र साधनको वावजुत पनि कार्यालय व्यवस्थापनलाई अझै चुस्त, दुरुस्त र व्यवस्थित ढंगले संगठनका साधारण सदस्यसम्म दोहोरो संचार हुने गरी सूचना प्रणाली विकास गर्नु आवश्यक देखिएको छ ।

**पेशागत महासंघ भवन निर्माण सम्बन्धमाः** छाता संगठन पेशागत महासंघ, नेपालको केन्द्रीय भवन निर्माणका लागी केन्द्रीय कार्यसमितिको तर्फवाट रु पाँच लाख सहयोग गर्ने निर्णय गरेको छ भने सवै जिल्ला/विभागीय कार्यसमितिहरुलाई प्रति सदस्य रु २०० पेशागत भवन निर्माण सहयोग संकलन गर्नका लागी पत्राचार गरिएको छ ।

**आदरणीय अध्यक्षज्यू,**
**१५औं केन्द्रीय परिषद्मा उपस्थित हुनु भएका प्रतिनिधि एवं पर्यवेक्षक मित्रहरु ।**

निजामती क्षेत्रमा ट्रेड युनियन अधिकार व्यवस्थित र मर्यादित ढंगले संचालन गर्दै गर्दा हामी अवसर र चुनौतिहरुको दोसाधमा रहेका छौ । प्राप्त अधिकारलाई व्यवस्थापन गर्नु अहिलेको चुनौति हो । पद, प्रतिष्ठा र सुविधा जस्ता विषयवस्तुहरु विभेद, मतभेद, र द्धन्दका कारण हुन, यसको व्यवस्थापनका उपायहरु पद्धती निर्माण र कार्यसंस्कृतिको सुधार हुन तर्सथ हाम्रो ध्यान पद्धती निर्माण गर्ने तर्फ क्रियाशिल रहनु पर्दछ । मित्रहरुअव म, केन्द्रीय परिषद्को १५ औं वैठकबाट छलफल, वहस र निर्णय भई आवश्यक कार्यान्वयनका लागि निम्नानुसार विषयबस्तुहरु बुँदागत रुपमा प्रस्तुत गर्ने अनुमती चाहान्छु ।

- केन्द्रीय भवन निर्माण कार्यलाई तोकिएको समयमा सम्पन्न गर्न थप सक्रियता र आर्थिक अभियानलाई उपलब्धीमा पुऱ्याउने विषयमा छलफल गरी निर्णयमा पुग्न आवश्यक छ ।

शान्ति र संविधान निर्माणमा राष्ट्रिय सहमती कायम गर्दै पेशाकर्मीका एजेण्डा - **"क्षतिपूर्ति सहितको नागरिक सेवा प्रवाहको ग्यारेन्टी, सामाजिक सुरक्षा, श्रमको सम्मान, राजनीतिक अधिकार सहितको ट्रेड यूनियन"**लाई समाविष्ट गरी जारी गराउनका लागि दवाव कार्यक्रम थप ल्याउन आवश्यक छ ।

- राष्ट्रसेवक सहकारी संस्था स्थापना गर्न बाँकी ८ जिल्लामा राष्ट्रसेवक सहकारी संस्था स्थापना गर्ने कार्य पूरा गर्न केन्द्रीय पदाधिकारी एवं सदस्यहरुलाई जिम्मेवारी तोक्न आवश्यक देखिन्छ साथै संचालनमा आएका राष्ट्रसेवक सहकारीहरुको नियमित अनुगमन कार्यक्रम गर्नु पर्ने देखिन्छ ।
- संगठनभित्रको संस्थागत सुशासनलाई मजबुत बनाउने विषयमा आवशयक छलफल एवं सामूहिक नेतृत्व र उत्तरदायित्व तथा व्यक्तिगत जिम्मेवारी पूरा गर्ने संस्कृति सवै केन्द्रीय पदाधिकारी तथा सदस्यहरुले अवलम्वन गर्न आवश्यक छ ।
- पुर्व केन्द्रीय अध्यक्ष स्व. मुरारी भट्टराईको सम्मानमा स्मृति प्रतिष्ठान गठन गरी हरेक वर्ष २ जना सर्वोकृष्ट संगठक(पुरुष एक महिला एक) पुरस्कृत गर्ने कार्ययोजना छलफल गरी निर्णय लिन आवश्यक छ ।
- नागरिक सेवा प्रवाहमा देखिएका समस्या भ्रष्टाचार, अनियमितता, ढिलासुस्ती, अनावश्यक भनसुन, निर्णय क्षमताहिनता जस्ता विषयका विरुद्धमा भण्डाफोर अभियान संचालन गर्न आवश्यक छ ।
- संगठन भित्र रहेको अन्तरद्वन्द्वलाई व्यवस्थापन गर्न आवस्यक छ । सामुहिकतामा प्रयाप्त छलफल पछि गरिएको निर्णय मात्र फलदायी हुने हुँदा सोहि पद्धति अपनाउनु पर्ने देखिएको छ ।
- आधिकारिक ट्रेड युनियनको निर्वाचन तत्काल सम्पन्न गर्नका लागि नेपाल सरकार समक्ष माग गर्न आवश्यक छ ।
- "जनतासँग कर्मचारी संगठन अभियान"लाई अझै उचाईमा पुऱ्याउनका लागि बिशेष कार्यक्रम गर्नुपर्ने देखिन्छ ।
- निजामती सेवामा नयाँ प्रवेश कर्मचारीहरुको संगठनप्रति आकर्षण गर्ने अभियान सञ्चालन गर्न आवश्यक छ ।
- सरुवा व्यवस्थालाई नीतिगत रुपमा व्यवस्थित बनाउनका लागि छलफल र निर्णय लिन आवश्यक छ ।
- संगठनभित्र व्यवस्थित समन्वय र सञ्चार प्रणालीको विकास गर्न आवश्यक छ ।
- संगठनका क्रियाकलाप प्रविधिमैत्री बनाई त्यसको उच्चतम प्रयोगमा आधारित हुनु आवश्यक छ ।
- निजामती कर्मचारीहरुको सामाजिक सुरक्षालाई बलियो बनाउने विषय - वीमा, स्वास्थोपचार, निजामती अस्पताल सुधार, उच्च शिक्षा छात्रबृत्ति योजना, सवै कार्यालयमा कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणाली, कर्मचारी सञ्चयकोष एवं लगानी कोषबाट प्रतिफल प्राप्त गर्ने विषयहरुमा छलफल र निर्णय लिन आवश्यक छ ।
- श्रम ऐन र सहकारी ऐन संसोधनको क्रममा रहेको सर्न्दभमा ती ऐनलाई संगठन पक्षिय वनाउने विषयमा थप दवाव तथा पहलकदमी बढाउन आवश्यक छ ।
- केन्द्रीय आीर्थक लेखा पद्धतीलाई पारदर्शी, मितव्ययी, नियमित बनाउन सम्पूर्ण कार्य समितिहरुको लेखा परीक्षण व्यवस्थित गर्न आवश्यक छ ।
- संगठनले उठान गरेको सहिद घोषणाको विषयलाई निष्कर्षमा पुरयाउन दवाव मुलक कार्यक्रम घोषण गर्न आवास्यक छ ।
- केन्द्रीय महिला भेलाको आयोजना तत्काल गर्न मिति र स्थान समेत तोकी निर्णय गरी कार्यान्वयनमा लैजान आवश्यक छ ।
- निजामती सेवा ऐनको आवश्यक संशोधन प्रकृयालाई मुर्तरुप दिन नेपाल सरकारलाई दवाव सिर्जना गर्दै संगठनले उठान गरेका विषयहरु समावेश गर्नका लागि आवश्यक छलफल र निष्कर्ष निकाल्न आवश्यक छ ।
- उपहार कार्यक्रम २०७२ लाई नयाँ ढाँचा र संरचनामा संचालन गर्ने वारेमा छलफल वहस गरी निर्णयमा पुग्न आवश्यक छ ।
- राष्ट्रसेवक सहकारी संस्थाहरुको तरलपुँजी एवं सवै संगठकहरुको शेयर पूँजी एकिकृत गरी संगठनको अभिभावकत्व एवं व्यवस्थापनमा एकिकृत लगानी संचालन गर्ने वारेमा छलफल गर्ने आवश्यक छ ।

- संघियताको प्रशासन कस्तो वन्ने भन्ने विषयको छलफललाई निष्कर्षमा पुऱ्याउदै सरकारलाई सुझाव प्रस्तुत गर्न आवश्यक छ ।
- संगठनभित्रको सामाजिक सुरक्षाको विषयलाई कुन ढंगले समृद्ध वनाउन सकिन्छ भन्ने विषयमा छलफल गरी निष्कर्ष निकाल्न आवश्यक छ ।

**आदरणीय मित्रहरू,**

हामी नवौं राष्ट्रिय अधिवेशनको समीक्षा र मूल्याङ्कन गर्दै कार्यभार र वाटाहरु स्पष्ट गर्ने सँघारमा आइपुगेका छौं । हामीले नेपाल निजामती कर्मचारी संगठनलाई निजामती क्षेत्रको सर्वोत्कृष्ट ट्रेड युनियन बनाउने अविभारा समेत बोकेका छौं । जसका लागि आन्तरिक र बाह्य रूपमा प्रतिष्पर्धी बन्नु परेको छ । प्रतिष्पर्धा-सांगठनिक कौशलता र क्षमता विकासमा, आदर्श जीवन पद्धति निर्माणमा र सहभागितामूलक संगठन निर्माण र विस्तार गर्ने पद्धति र कार्य संस्कृतिको विकास १५औं परिषद्बाट शुरु हुनेछ भन्ने शुभकामना व्यक्त गर्दछु । सबैले आ-आफ्नो आत्म मूल्याङ्कन गरौं, सामूहिकतामा के गऱ्यौं, जिम्मेवारी के के पूरा गऱ्यौं आफैले आफू माथि गरिएको वस्तुनिष्ठ मूल्याङ्कन नै वास्तविक मूल्याङ्कन हुनेछ । यस्तो मूल्याङ्कन म बाट शुरु गर्नु पर्छ । प्रत्येक म नै आज सुधारको संवाहक बन्न सक्द्छन् । हाम्रा कार्यभारहरू धेरै पूरा हुने क्रममा, केही छलफल र सौदावाजीको क्रममा रहेका छन् । राजनीतिक संक्रमणकालको कारणले ल्याएका जटिलता समेतमा तालमेल गरी पेशागत हक, अधिकारका विषयवस्तु उठान गर्ने विषय आफैमा जटिल हुने भएता पनि आदर्श मूल्य मान्यतामा आधारित जीवनशैली र पद्धति निर्माण गर्ने कार्य महर्त्वपूर्ण हुन्छ । नेपालको ट्रेड युनियन आन्दोलनमा निजामती क्षेत्रको पहिलो र प्रभावशाली संगठनका रूपमा यस संगठनलाई लिने गरिन्छ । संगठनले स्थापनाकालदेखि हालसम्म आई पुग्दा नेपालको सार्वजनिक प्रशासनलाई जनमुखी वनाउन एवं पेशाकर्मीका हक अधिकार रक्षामा धेरै पहल एवं सफलता प्राप्त गरेको सन्दर्भमा गौरवको अनुभूति भएको छ । संगठनले नेपालको लोकतान्त्रिक आन्दोलन र ट्रेड युनियन आन्दोलनमा महत्वपूर्ण र सम्मानजनक स्थान बनाएकोमा अन्य ट्रेड युनियनहरूले समेत मुक्त कण्ठले प्रशंसा गरेको पाइन्छ । यो पक्ष भनेको हामीलाई थप हौसला प्राप्त हुने अवस्था हो ।

आफू भित्रका कमी कमजोरीको समीक्षा गरी ती कमी कमजोरीलाई हटाउन सकेको खण्डमा मात्र हामीले आफ्नो निजामती क्षेत्रको अग्रणी संस्थाको स्थान सुरक्षित राख्न सक्दछौ । वर्तमान अवस्थामा हाम्रो संगठनको प्रभाव ३० वर्ष मुनिका र नवप्रवेशी कर्मचारी, कार्यालय सहयोगी, सवारीचालक एवं प्राविधिक कर्मचारी क्षेत्रमा बढ्न सकेको छैन । यसका लागि ठोस योजनाका साथ कार्यक्रम बनाएर अभियानमा लाग्नु पर्ने देखिएको छ । कामको मूल्याङ्कन र समीक्षा गर्दा पनि बस्तुनिष्ट भएर तथ्याङ्कमा आधारित भएर विश्लेषण गर्नु पर्ने देखिएको छ । जुन जुन क्षेत्रमा जिम्मेवारी र संगठनको उपस्थिति कम भएको छ, त्यतातिर तुरुन्तै काममा गति दिन परिषद्बाट मार्गनिर्देश गरेर जानु पर्ने देखिएको छ । ३१,७३० को संख्यामा संगठनको सदस्य भएको दावी Data ले प्रमाणित गर्न सकेको छैन । अबको दिनमा हामीले काम गर्दा तथ्याङ्कमा आधारित यथार्थपरक विश्लेषण गरेर अघि बढ्नु पर्ने अहिलेको आवश्यकता हो ।

**मित्रहरू,**

नेपाल निजामती कर्मचारी संगठनको वर्तमान अवस्था, ट्रेड युनियन आन्दोलन, देशको प्रशासनिक अवस्था, समग्र संगठनको समीक्षा, मूल्याङ्कन, आगामी दिनमा अघि सार्नु पर्ने नीति तथा कार्यक्रमहरूको सन्र्दभमा १५औं केन्द्रीय परिषद्मा प्रस्तुत भएको सांगठनिक र यसै प्रतिवेदनको अभिन्न अङ्गको रूपमा यसपछि प्रस्तुत हुने आर्थिक प्रतिवेदन माथि गहन छलफल तथा सुझाव प्रस्तुत गरी थप परिस्कृत र सम्मृद्ध बनाउन प्रतिनिधि तथा पर्यवेक्षक मित्रहरूको अमूल्य सुझावको अपेक्षा गर्दछु ।

संगठनको १५औं केन्द्रीय परिषद्मा उपस्थित प्रमुख अतिथिज्य, विशेष अतिथिज्यूहरू, अतिथिज्यूहरू, सल्लाहाकारज्यूहरू प्रतिनिधि तथा पर्यवेक्षक मित्रहरू, समग्र संगठक, शुभचिन्तक एवं यस परिषद्मा आर्थिक,भौतिक, नैतिक एवंम रचनात्मक सहयोग पुऱ्याउनु हुने सबै संघ संस्था तथा महानुभाव प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । १५औं केन्द्रीय परिषद्को यस महत्वपूर्ण सांगठनिक कार्यमा खटिरहनु हुने केन्द्रीय पदाधिकारी एवं सदस्यहरू, मूल व्यवस्थापन समिति र सबै उपसमितिका सदस्य मित्रहरू, स्वयम् सेवक

मित्रहरू, व्यवस्थापन कार्यमा सहयोग पुऱ्याउनु हुने सबै संगठक, सुरक्षा निकाय, पत्रकार मित्रहरू विशेष गरी हामीलाई यस महत्वपुर्ण कार्यक्रमा हल, खाना लगायत अन्य व्यवस्थापनमा सहयोग गर्नु हुने श्री दिलवहादुर कार्की एवं कार्की बैंङ्क्वेट परिवार लगायतका सम्पूर्णप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

**अन्त्यमा,**

नेपाल निजामती कर्मचारी संगठनको १५औं केन्द्रीय परिषद्ले मुलुकको राजनीतिक अवस्था, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिको मूल्याङ्कन, सार्वजनिक प्रशासनको वर्तमान अवस्था, सांगठनिक गतिविधि र कार्यभारहरूको समीक्षा तथा मूल्याङ्कन गर्दै आगामी कार्यभारहरूको तर्जुमा गर्ने कार्यमा एकजुट भएर अगाडी वढौ । संगठनलाई अझै वढी क्रियाशील बनाउन सामूहिक नेतृत्व र व्यक्तिगत जिम्मेवारी समेतको संयोजन गरी अगाडी वढ्नु वर्तमानको आवश्यकता हो । आधिकारिक ट्रेड युनियनको आसन्न निर्वाचनलाई समेत आत्मसात गर्दै अझ बढी कर्तव्यनिष्ठ, सिद्धान्तनिष्ठ, गतिशील, जुझारु, प्रतिस्पर्धी र एकतावद्ध भएर अगाडि वढ्ने प्रतिवद्धता र प्रण गरौ भन्दै प्रतिवेदनलाई पूर्णता प्रदान गर्न यहाँहरूको गहन् एवं सकारात्मक सुझावको लागि विनम्रतापूर्वक अनुरोध गर्दै प्रतिवेदन यही अन्त्य गर्न चाहान्छु ।

वि.सं. २०७२ नयाँ वर्षको हार्दिक मंगलमय शुभकामना ॥
हार्दिक अभिवादन सहित धन्यवाद ।

मिति : २९ र ३० चैत्र, २०७१
स्थान : कार्की बैंङ्क्वेटका सभाहल,
थापाथली हाईट, काठमाडौं ।